


# कोशी गाउँपालिका

# वार्षिक गाउँ विकास योजना

## Annual Rural Municipality Development Plan

आर्थिक वर्ष २०७८/०७९

८औं

आठौं

## गाउँसभाबाट पारित

आ.व. २०७८/०७९ को
बजेट, नीति तथा कार्यक्रम

**कोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लौकही, सुनसरी
१ नं. प्रदेश, नेपाल
फोन : ०२५-५४०१०६५
ईमेल : koshigaupalika@gmail.com
वेब साईट : www.koshimun.gov.np



बालुवाले पुरिएको क्षेत्रमा नमुना कागती खेती



बालुवाले पुरिएको क्षेत्रमा नमुना कागती खेतीको अनुगमन गरिदै




कोशी पर्यटन महोत्सवका प्रमुख अतिथि मूख्य मन्त्री शेरधन राईको स्वागत कार्यक्रम




मूख्यमन्त्रीबाट दमकलको चाबी हस्तान्तरण

# वार्षिक गाउँ विकास योजना

## (Annual Rural Municipality Development Plan)

आर्थिक वर्ष २०७८/०७९

# आठौं गाउँसभाद्वारा पारित बजेट, नीति, कार्यक्रम र योजना तथा राजश्वको दररेट


## कोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

१ नं. प्रदेश, नेपाल

फोन : ०२५-५४०१०६५

ईमेल : koshigaupalika@gmail.com

वेव साईट : www.koshimun.gov.np

# वार्षिक गाउँ विकास योजना
## (Annual Rural Municipality Development Plan)

### गाउँ कार्यपालिकाका पदाधिकारीहरु

गाउँ प्रमुख : श्री ऐयुव अंसारी

उपप्रमुख : अनिता देवी यादव

### कार्यपालिकाका सदस्यहरु

| | | |
|---|---|---|
| श्री राजकुमार साह | श्री इन्द्रदेव यादव | श्री सिमा कुमारी मेहता |
| श्री द्रौपतीदेबी साह | श्री रामचन्द्र मेहता | श्री अकली देवी सरदार |
| श्री सुलेमान मंसुरी | श्री विन्देश्वर यादव | श्री सुरजुग सरदार |
| श्री अमिन मिया | श्री सरीता देवी मण्डल | श्री अमना खातुन |
| श्री साह जमाल | श्री श्यामसुन्दर सिँह | |

### सम्पादक मण्डल :

| | | | |
|---|---|---|---|
| संयोजक | : श्री खगेन्द्र गिरी | – | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | : श्री सुरप्रसाद दंगाल | – | लेखा अधिकृत |
| सदस्य | : श्री रितेस झा | – | सूचना प्रविधि अधिकृत |
| सदस्य | : श्री राज किशोर मेहता | – | नायव सुब्बा |
| सदस्य | : श्री महफुज आलम | – | स.कम्प्युटर अपरेटर |
| सदस्य | : निरञ्जन मण्डल | – | एम्.आइ.एस्. अपरेटर |


### प्रकाशक

## कोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

१ नं. प्रदेश, नेपाल

फोन : ०२५–५४०१०६५

ईमेल : koshigaupalika@gmail.com

वेव साईट : www.koshimun.gov.np

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लौकही, सुनसरी**
**१ नं. प्रदेश, नेपाल**

# शुभकामना



**अध्यक्ष**

स्थानीय तहमा हामीले पदभार ग्रहण गरेको चौथो बर्षमा आठौ गाँउ सभाबाट पारित आ. ब. २०७८।७९ को वार्षिक नीति तथा कार्यक्रम पुस्तिका प्रकाशन गरि आम जनता समक्ष प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्तै खुसिको अनुभुति भईरहेको छ।

गाउँ बिकास योजना तर्जुमाका लागि नेपालको संबिधान भावना र मर्मलाई आत्मासाथ गरि स्थानिय सरकार संचालन ऐन २०७४ ले तोकेको बिधि र प्रकृयाको अवलम्बन गर्दै नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा प्रदेश नं.१ सरकारबाट प्राप्त नीति र मार्गदर्शन लाई आधार मानि कोशी गाउँपालिकाका टोल बस्तीस्तरबाट सबै क्षेत्र र बर्गका जनताको सहभागितामा तयार पारी प्रस्तुत गरिएको यो बजेट नीति तथा कार्यक्रम वडातह, विषयगत समितिहरु, योजना तर्जुमा समिति, राजश्व परामर्श समिति, सरकारी तथा गैर सरकारी संघ/संस्था र विज्ञ समूहको राय तथा सुझाव संकलन गरि गाउँ कार्यपालिकाको सिफारिश र गाउँ सभा बैठकमा दफावार छलफल गरी गाउँ सभाबाट स्वीकृत भई प्रकाशनमा आएको छ। प्रस्तुत वजेट नीति तथा कार्यक्रमले हामीले गरेको परिकल्पना "सुरक्षित र समृद्ध कोशीको आधार, कृषि, पर्यटन र दिगो पूर्वाधार" लाई सार्थक बनाउने अवस्थामा पुऱ्याउने छ भन्ने भारी अपेक्षा राखेको छु। वजेट नीति तथा कार्यक्रमले लिएको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्रयास मात्र पर्याप्त नहुने हुँदा यसको सफल कार्यान्वयनको लागि नेपाल सरकार, दातृ निकाय, यस क्षेत्रका अग्रज जनप्रतिनिधिहरु, बिद्धतवर्ग र सचेत तथा जागरुक आम गाउँवासी आमाबुवा, दाजुभाइ, दिदीवहिनी तथा सज्जन वृदंहरुको सामुहिक प्रयास, साथ सहयोग र सहकार्यकालागि बिनम्रतापुर्बक हार्दिक आग्रह गर्दछु।

अन्तमा, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्‍याउने सहकर्मी निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल,विषयगत समिति, योजना तर्जुमा समिति, राजश्व परामर्श समिति, गाउँमा क्रियाशील व्यावसायिक तथा सामुदायिक/सामाजिक संघ संस्थाहरु, संचारकर्मी मित्रहरु, सम्पूर्ण गाउँवासी दाजुभाई दिदीबहिनी लगायत गाउँपालिकामा कार्यरत चौथो गाउँ बिकास योजना तर्जुमा गर्ने कार्यमा अहोरात्र खट्ने सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

*धन्यवाद!*

मिति : ५ श्रावण, २०७८

**ऐयुव अंसारी**
**अध्यक्ष**

# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लौकही, सुनसरी**
**१ नं. प्रदेश, नेपाल**

## शुभकामना



**उपाध्यक्ष**

नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्रको संस्थागत बिकासको पहिलो पाईला स्थानिय तहको निर्वाचन सम्पन्न भई हामी जनप्रतिनिधिले जिम्मेवारी ग्रहण गरेको चौथो बर्षमा कोशी गाउँपालिकाको आठौ गाउँ सभाबाट पारित बजेट नीति तथा कार्यक्रमलाई पुस्तकका रुपमा आम जनताका माझ पुऱ्याउने उद्देश्यले यो वार्षिक गाउँ बिकास पुस्तक प्रकासन हुन लागेकोमा मलाई अत्यन्तै खुसि र गौरबको अनुभुति महसुस भईरहेकोछ।

स्थानीय सरकार जनताले छाम्ने, देख्ने अर्थात अनुभूती गर्ने सरकार हो। यस अर्थमा स्थानीय सरकारका काम कारवाहीहरु जन अपेक्षा र आवश्यकताहरुलाई सन्तुलित बनाउदै लैजानु पर्ने हुन्छ। कोशी गाउँपालिकाले संविधानको मर्म, जनअपेक्षा तथा स्थानिय बिशेषका आवश्यकतालाई प्राप्त श्रोत साधनको अधिकतम परिचालन गरी पूरा गर्ने प्रतिबद्धताका साथ यो आठौ गाउँ सभाबाट पारित बजेट नीति तथा कार्यक्रम आम गाउँवासीहरुको हातमा ल्याइएको छ। गाउँ सभाबाट पारित उल्लेखित बजेट नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदी बहिनीहरुको साथ सहयोग र सहभागिता प्राप्त हुने अपेक्षा लिएको छु।

*धन्यवाद!*

मिति : ५ श्रावण, २०७८

**अनिता देवी यादव**
**उपाध्यक्ष**

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**लौकही, सुनसरी**

**१ नं. प्रदेश, नेपाल**

## शुभकामना



**प्रमुख प्रशासकिय अधिकृत**

कोशी गाउँपालिकाको आठौ गाउँसभाबाट पारित आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तक प्रकाशन गर्न लागेको यो सुखद् अवसरमा खुशी महसुस भएको छ । स्थानीय सरकारको कामकारबाहिलाई पारदर्शी गर्ने र जनताको सुचनामा पहुँच बढाउदै सुशासनको प्रर्बद्धन गर्ने सन्दर्भमा कोशी गाँउपालकिाको आठौ गाँउसभाबाट पारित प्रस्तुत चौथो गाउँ विकास योजना पुस्तिका प्रकाशन हुन लागेकोमा मलाई अत्यन्तै खुसि लागेको छ ।

कुनै पनि क्षेत्र तथा स्थानिय बिषेशको समग्र बिकास एक्लो संस्थाको प्रयासबाट मात्र संभव नहुने हुँदा यस दोश्रो गाउँ सभाले तय गरेको “सुरक्षित र समृद्ध कोशीको आधार, कृषि, पर्यटन र दिगो पूर्वाधार” परिकल्पनालाई सार्थक बनाउदै गाँउपालिकाले प्रक्षेपित गरेका कार्यक्कमलाई सफलतापुर्बक कार्यान्वयन गर्न सिङ्गो गाउँपालिकाका पदाधिकारी, राजनीति दल, सामाजिक संघ संस्था, स्थानीय टोल विकास संस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी, निजी क्षेत्र, आम संचार माध्यम लगायत सम्पूर्ण गाउँबासीहरुको जिम्मेवारीपुर्ण सकृय योगदान रहनेछ भन्ने बिश्वास ब्यक्त गर्न चाहन्छु ।

यस कार्यक्रममा समेटिएका नीति तथा कार्यक्रम कार्यान्वयनमा कर्मचारी प्रशासनको अंहम र प्रमुख भुमिका रहने तथ्यलाई मनन गर्दै कार्यक्रमको उदेश्य र भावनामा कुनै किसिमको खोट नहुने गरी कार्यान्वयन गर्न म कर्मचारीहरुको प्रमुखको हैसियतले सम्पूर्ण कर्मचारीहरुको तर्फबाट प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

बर्तमान संघीय शासन ब्यबस्था कार्यन्वयनका सन्दर्भमा स्थानिय सरकार संचालनको शुरुआती अभ्यासका क्कममा निर्माण गरिएको बजेट तथा कार्यक्कममा बिभिन्न त्रुटि तथा कमि कमजोरी हुन सक्छन्, यसमा आएका सुझावहरुलाई पृष्ठपोषणका रुपमा लिई आगामी दिनमा यसलाई अझ परिष्कृत र परिमार्जन गर्दै लैजाने प्रण गर्दै यो कार्यक्कम पुस्तीका निर्माणमा संलग्न हुनु हुने सबैमा हार्दिक धन्यबाद सहित शुभकामना ब्यक्त गर्दछु ।

*धन्यवाद !*

मिति : ५ श्रावण, २०७८

**खगेन्द्र गिरी**
**प्रमुख प्रशासकिय अधिकृत**

*"सुरक्षित, समृद्ध कोशीको आधार, कृषि, पर्यटन र दिगो पूर्वाधार"*

# कोशी गाउँपालिका

## संक्षिप्त परिचय




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

| | |
|---|---|
| **गाउँपालिका स्थापना** | : २०७३ चैत २७ गते |
| **भौगोलिक अवस्थिती** | : |
| **प्रदेश** | : १ |
| **जिल्ला** | : सुनसरी |
| **निर्वाचन क्षेत्र नं.** | : ४ |
| **क्षेत्रफल** | : ७५.९८ वर्ग कि.मी. |
| **वडा सख्या** | : ८ |
| **अवस्थिती** | : २६°२९'१६''-२६°३८'१०'' उत्तरी अक्षांश<br>८६°५४'२३''-८७°४'४८'' पूर्वी देशान्तर |

**उचाई** : समुन्द्री सतहबाट ७८ मिटरदेखि ८५ मिटरसम्म

**सिमाना** :

**पूर्व** : भोक्राहा गाउँपालिका

**पश्चिम** : कोशी नदी (सप्तरी जिल्ला)

**उत्तर** : कोशी टप्पु बन्यजन्तु आरक्षण केन्द्र र बराह नगरपालिका

**दक्षिण** : भारत

**साविकका गा.वि.स.हरु** :

१. लौकही
२. पश्चिम कुशाहा
३. श्रीपुरजब्दी
४. हरिपुर

**जलवायु** :

**हावापानी** : उष्णप्रदेशीय

**तापक्रम** : ३५.८ डिग्रि सेल्सीयस अधिकतम र न्युनतम ९.१ डिग्रि सेल्सीयस

**प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरु :**

१. कोशी ब्यारेज
२. कोशी टप्पु बन्यजन्तु आरक्षण केन्द्र
३. कोशी रिफ्रेसमेन्ट सेन्टर

**प्रमुख नदी तथा तालहरु** : कोशी नदी

**मुख्य पार्क तथा उद्यान** : कोशी रिफ्रेस्मेन्ट सेन्टर (शिव चौक)

**जनसंख्या** :

**कुल जनसंख्या** : ४३६२६ (पुरुष-२१९५४ र महिला-२१६७२) २०६८ को जनगणना अनुसार

**जनघनत्व** : ५२५.४७ प्रति वर्ग कि.मी.

**घरघुरी** : ८५४३

**औषत प्रति परिवार** : ५.१४ जना

### वडागतरुपमा घरधुरी र जनसंख्या :

| वडा नं. | क्षेत्रफल | घरपरिवार संख्या | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | ६.२४ | ८६१ | ५०३८ | २५८१ | २५५७ |
| २ | ८.५३ | ९७६ | ५२७८ | २६२९ | २६४९ |
| ३ | ८.६८ | ११३० | ६२१८ | ३१०६ | ३११२ |
| ४ | ६.४१ | ९५६ | ४१२० | २०१४ | २१०६ |
| ५ | ६.१५ | १०६७ | ५३८९ | २७४४ | २६४५ |
| ६ | ११.८१ | १२३७ | ५५५० | २८१२ | २७३८ |
| ७ | १३.१५ | १३२७ | ६२९७ | ३१७६ | ३१२१ |
| ८ | १५.०१ | ९८९ | ५७३६ | २८९२ | २८४४ |
| **जम्मा** | **७५.९८** | **८५४३** | **४३६२६** | **२१९५४** | **२१६७२** |

**मुख्य जातीय समुदाय :**

मुस्लिम, यादव, साह, तेली, महतो, मण्डल, सुनार, थारु, दनुवार, तामाङ्ग, झाङर, कुचवाडिया, आदि ।

**धर्म** : हिन्दु र मुस्लिम ।

### शैक्षिक संस्था :

| क्र.सं. | विद्यालयको नाम | अवीस्थत वडा |
|---|---|---|
| | **सामुदायिक विद्यालय** | |
| १ | साबित्री आधारभुत विद्यालय | १ |
| २ | बिष्णु आधारभुत विद्यालय | २ |
| ३ | बुलबुल आधारभुत विद्यालय | २ |
| ४ | ज्योति आधारभुत विद्यालय | २ |
| ५ | नथुनी आधारभुत विद्यालय | २ |
| ६ | बि.पि. बुधमल कर्माधर्मा आधारभुत विद्यालय | २ |
| ७ | बि.पि किसान आधारभूत विद्यालय | ३ |
| ८ | राष्टिय माध्यमिक विद्यालय सोमनपुर | ३ |
| ९ | महाबिर सप्तकोसी आधारभुत विद्यालय | ३ |
| १० | सुनसरी कुष्ण भगवती विद्यालय | ३ |
| ११ | लोकतन्त्र अगम लाल जनता आधारभुत विद्यालय | ३ |
| १२ | साधु सुगाई आधारभुत विद्यालय | ३ |
| १३ | बिश्वनाथ सिंह आधारभुत विद्यालय | ३ |
| १४ | जगदिस आधारभुत विद्यालय | ३ |

| क्र.सं. | विद्यालयको नाम | अवीस्थत वडा |
|---|---|---|
| १५ | बि.पि मदन आधारभुत विद्यालय | ४ |
| १६ | मोतिराम आधारभुत विद्यालय | ४ |
| १७ | राष्टिय सारदा आधारभुत विद्यालय | ५ |
| १८ | जनता आधारभुत विद्यालय | ५ |
| १९ | भवानी बाल बिकास केन्द्ध | ५ |
| २० | राष्टिय मा.बि विद्यालय | ६ |
| २१ | आधारभुत विद्यालय | ६ |
| २२ | सरस्वति आधारभुत विद्यालय | ७ |
| २३ | कोसी जनता माध्यमिक विद्यालय | ७ |
| २४ | आधारभुत विद्यालय | ८ |
| २५ | कोसी प्रा.बि विद्यालय | ८ |
| २६ | चितनारायण आधारभुत विद्यालय | ८ |
| | **जम्मा** | १०८ |
| | **मदरसा** | |
| १ | मदर्सा ईस्हातुल ईस्लाम | ३ |
| २ | मदर्सा ईस्हातुल ईस्लाम सामसुल | ४ |
| ३ | पछिम कुसहा | ४ |
| ४ | मदर्सा दारु होदा सलफीया हुर्कि | ७ |
| ५ | मदर्सा दारु होदा असलफीया कुमयाहि | ७ |
| ६ | मदर्सा दारुईस्लाम | ८ |
| ७ | मदर्सा ईस्लाम | ८ |
| ८ | मदर्सा दावाहातुल कुरण बसुनाहा | ८ |
| ९ | मदर्सा मदिनातुल युलउम | ८ |
| १० | श्रीपुर जब्दि | ८ |
| ११ | मदर्सा मिफतातुल युलउम युधागज | ८ |
| १२ | मुकतव सयादना मटुराजराजि | ८ |
| १३ | मुकतव तालिमुल ईस्लाम | ८ |
| १४ | हरीपुर | ८ |
| | **जम्मा** | ९७ |

**स्वास्थ्य संस्था :**

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | अवस्थित वडा |
|---|---|---|
| १. | लैकहि स्वास्थ्य चौकी | १ |
| २. | पछिम कुस्हा स्वास्थ्य चौकी | २ |
| ३. | पछिम कुस्हा स्वास्थ्य चौकी | ३ |
| ४. | श्रीपुर स्वास्थ्य चौकी | ४ |
| ५. | श्रीपुर स्वास्थ्य चौकी | ५ |
| ६ | श्रीपुर स्वास्थ्य चौकी | ६ |
| ७ | हरीपुर स्वास्थ्य चौकी | ७ |
| ८ | हरीपुर स्वास्थ्य चौकी | ८ |

**बैंकिङ संस्थाहरु**

| क्र.सं. | बैंकको नाम | अवस्थित वडा |
|---|---|---|
| १. | मेगा बैंक | १ |
| २. | सृजना फाईनान्स लिमिटेड | १ |
| ३. | कृषि विकास बैंक | १ |

**सरकारी तथा गैर सरकारी कार्यालयहरु**

| क्र.सं. | कार्यालयको नाम | अवस्थित वडा |
|---|---|---|
| १. | ईलाका प्रहरी कार्यालय लौकही | १ |
| २. | सशस्त्र प्रहरी बल नेपाल (BOP), हरीपुर | ७ |
| ३. | सशस्त्र प्रहरी बल नेपाल (BOP), श्रीपुर | ५ |
| ४. | सशस्त्र प्रहरी बल नेपाल (BOP), लौकही | १ |
| ५. | ईलाका हुलाक कार्यालय, लौकही | २ |
| ६. | पछिम कुसहा अतिरिक्त हुलाक कार्यालय, जमुव | ३ |
| ७ | श्रीपुर अतिरिक्त हुलाक कार्यालय, श्रीपुर | ४ |
| ८ | अतिरिक्त हुलाक कार्यालय, भन्टावारी | ८ |
| ९ | बोडर चेक पोष्ट आउट ससस्त्र प्रहरी, भन्टावारी | ८ |
| १० | सीमा प्रहरी चौकी, भन्टावारी | ८ |
| ११ | अस्थाई प्रहरी चौकी, हरीपुर | ७ |
| १२ | ईलाका प्रहरी कार्यालय, लौकही | १ |
| १३ | अस्थाई प्रहरी चौकी, कटान | ४ |

| क्र.सं. | कार्यालयको नाम | अवस्थित वडा |
|---|---|---|
| १४ | शत्रुभज्जन गुल्म, कोसी टपु आरक्षण केन्द्र | ४ |
| १५ | छोटी भन्सार कार्यालय, लौकही | १ |
| १६ | भान्टावरी भन्सार कार्यालय, भन्टावारी | ८ |
| १७ | पसु कवारेन्टाईन पोष्ट, भन्टावारी | ८ |
| १८ | प्लान्ट कवारेन्टाईन पोष्ट, भन्टावारी | ८ |
| १९ | फ्युज सेवा लौकही, लौकही | १ |

## संचालनमा रहेका सहकारी संस्थाहरुको विवरण

| क्र. सं. | सहकारीको नाम | कोशी गा.पा | ठेगाना | अध्यक्षको नाम, थर | मोबाईल नं. | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | शोभनपुर कृषि सहकारी संस्था लि. | ३ | पं कुशाहा ४ | कुर्वान मन्सुरी | ९८४१३०७५४० | साविक प.कुशाहा गाविस |
| २ | चतुर्मूखी बचत तथा सहकारी | ३ | पं कुशाहा ४ | मन्जु देवी मेहता | | |
| ३ | हनुमान कृषि सहकारी संस्था लिं | ८ | हरिपुर ७ | रामपुकार यादव | | |
| ४ | मध्यवर्ति कृषि सहकारी संस्था | ४ | श्रीपुर ८ | मो.तजमुल हुसैन | | |
| ५ | स्वयंसहायता कृषि सहकारी संस्था | ७ | हरिपुर १ | बेचनी देवी राम | | साविक हरिपुर गाविस |
| ६ | भन्टाबारी बचत तथा ऋण स.स. | ८ | हरिपुरठ | मनोज यादव | | साविक हरिपुर गाविस. |
| ७ | भगीरथ महिला कृषि सहकारी स. | १ | लौकही ६ | कविता देवी मण्डल | ९८०४३५०९६६ | साविक लौकही गाविस |
| ८ | गगांसगर महिला बचत तथा ऋण | ३ | कोशी | रिताकुमारी मेहता | | कोशी गा.पा. ३ |
| ९ | कुबेर कृषि सहकारी संस्था लिमिटेड | ३ | पं कुशाहा ९ | देवकुमार साह | | साविक प.कुशाहा गाविस |
| १० | माँकाली महिला बचत तथा ऋण | २ | काशी २ | रञ्जु देवी शर्मा | ९८१७३२९९५६ | कोशीगापा को २ |
| ११ | गतिशील कृषि सहकारी संस्था लि. | ३ | प.कुशाहा ९ | बिपेन्द्र यादव | ९८४२२३८५४३ | साविक प.कुशाहा गाविस |
| १२ | गंगा जमुना महिला बचत तथा ऋण | ७ | हरिपुर ३ | पार्वती देवी मुखिया | | साविक हरिपुर र श्रीपुर गाविस |
| १३ | कोशीटप्पु सिमसार बहुउद्देश्यीय सं. | ३ | प.कुशाहा ४ | रुदनी देवी सरदार | ९८४२१८५८६६ | साविक प.कुशाहा गाविस |
| १४ | पुण्यभूमि पशुपालन सहकारी संस्था | ६ | श्रीपुरजब्दी ४ | लक्ष्मी कुमारी सतरा | | साविक श्रीपुर गाविस |
| १५ | गौरव बचत तथा ऋण सहकारी स. | १ | लौकही ६ | देव नारायण यादव | | साविक लौकही गाविस |
| १६ | पश्चिम कुशाहा लघुउद्यमी सहकारी संस्था सं. | ३ | प.कुशाहा ४ | सुनिता कुमारी सरदार | | साविक प.कुशाहा गाविस |
| १७ | हरिओम लघुउद्यमी सहकारी स.सं. | ७ | हरिपुर ४ | लालो देवी खत्वे | | साविक हरिपुर गाविस |
| १८ | कमलामाई कृषि सहकारी संस्था लि. | १ | लौकही ६ | कविता कुमारी साह | | साविक लौकही गाविस |
| १९ | धमेश लघुउद्यम सहकारी संस्था लि. | १ | लौकही ३ | रेखाकुमारी उराव | ९८०७३५१४७९ | साविक लौकही गाविस |
| २० | श्रीओम लघुउद्यम सहकारी स. सं. | ६ | श्रीपुर ३ | सूर्य नारायण दहियार | ९८०८२७३८९२ | साविक श्रीपुर गाविस |
| २१ | श्रीपुर बचत तथा ऋण सहकारी | ४ | श्रीपुर ८ | तजमूल हुसैन | | साविक श्रीपुरजब्दी गाविस |

**प्रमुख उद्योगहरु**

| क्र.स. | उद्योगको नाम | अवस्थित वडा |
|---|---|---|
| १. | सि.जि.एन.एस. प्रा.लि. | ३ |

**गाउँ क्षेत्रमा लाग्ने प्रमुख हाट बजारहरु**

| क्र.सं. | बजारको नाम | अवस्थित वडा |
|---|---|---|
| १. | लौकही बजार | १ |
| २. | नहर चौक हटिया | ३ |
| ३. | हरिपुर चौक हटिया | ७ |

## गाउँपालिकाको कार्य संचालनका लागि गठित समितिहरु

१. **कोशी गाँउ शिक्षा समिति :**

क) अध्यक्ष श्री ऐयुब अंसारी ............... संयोजक
ख) उपाध्यक्ष श्री अनिता देवी यादव ............... सदस्य
ग) वडा अध्यक्ष श्री राजकुमार साह ............... सदस्य
घ) वडा अध्यक्ष श्री रामचन्द्र महतो ............... सदस्य
ड.) प्र.प्र.अ. श्री खगेन्द्र गिरी ............... सदस्य
च) प्र.अ. श्री हरेकृष्ण राउत ............... सदस्य
छ) समाजसेवी श्री ब्रजेश यादब ............... सदस्य
ज) श्री कपुरदेबी सरदार ............... सदस्य
झ) श्री फुल कुमारी उराव ............... सदस्य
ञ) श्री सोमराज ढकाल ............... सदस्य सचिब

२. **राजस्व परामर्श समिति :**

क) श्री अनिता देवी यादव, उपाध्यक्ष - संयोजक
ख) श्री खगेन्द्र गिरी, प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ग) श्री राजकुमार साह, अध्यक्ष वडा नं. १ - सदस्य
घ) श्री सरित देवी मण्डल, का.पा. सदस्य - सदस्य
ङ) श्री विनोद कुमार यादव, - सदस्य
च) श्री श्याम किशोर मण्डल - सदस्य सचिव

३. **श्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री ऐयुव अंसारी | अध्यक्ष | संयोजक |
| ख) | श्री अनिता देवी यादव | उपाध्यक्ष | सदस्य |
| ग) | श्री राजकुमार साह | अध्यक्ष वडा नं. १ | सदस्य |
| घ) | श्री सुलेमान मन्सुरी | अध्यक्ष वडा नं. ३ | सदस्य |
| ङ) | श्री सुरप्रसाद दंगाल | लेखा अधिकृत | सदस्य |
| च) | श्री खगेन्द्र गिरी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

४. **बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री अनिता देवी यादव | उपाध्यक्ष | संयोजक |
| ख) | श्री राजकुमार साह | अध्यक्ष वडा नं. १ | सदस्य |
| ग) | श्री शाहजमाल | अध्यक्ष वडा नं. ५ | सदस्य |
| घ) | श्री सुलेमान मन्सुरी | अध्यक्ष वडा नं. ३ | सदस्य |
| ङ) | श्री खगेन्द्र गिरी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

५. **विद्येयक समिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री श्यामसुन्दर सिंह, | कार्यपालिका सदस्य | संयोजक |
| ख) | श्री दिपक मण्डल, | वडा सदस्य | सदस्य |
| ग) | श्री सुनिता देबी यादब | | सदस्य |
| घ) | श्री सियाराम साह | | सदस्य |
| ङ) | श्री खगेन्द्र गिरी | | सदस्य |
| च) | श्री राजकिशोर मेहता ना.सु. | | सदस्य सचिव |

६. **वन वातावरण तथा विपद व्यवस्थापन समिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री शाह जमाल | अध्यक्ष वडा नं. ५ | संयोजक |
| ख) | श्री शनिश्चर यादब | | सदस्य |
| ग) | श्री शोभा देवी मेहता | कार्यपालिका सदस्य | सदस्य |
| घ) | श्री इब्राहिम मन्सुरी | वडा सदस्य | सदस्य |
| ङ) | श्री विनोद कुमार मिश्र | ना.सु. | सदस्य सचिव |

७. **आर्थिक विकास समिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री अमिन मिया | अध्यक्ष वडा नं. ४ | संयोजक |
| ख) | श्री सरजुक सरदार | वडा सदस्य | सदस्य |
| ग) | श्री साधुलाल महात्मान | वडा सदस्य | सदस्य |
| घ) | श्री पार्वती मुखिया | वडा सदस्य | सदस्य |
| ङ) | श्री सुर प्रसाद दंगाल | लेखा अधिकृत | सदस्य सचिव |

## ८. पूर्वाधार विकास समिति :

| | | |
|---|---|---|
| क) श्री द्रौपतीदेबी साह | अध्यक्ष वडा नं. २ | संयोजक |
| ख) श्री अमना खातुन | कार्यपालिका सदस्य | सदस्य |
| ग) श्री जगनाथ मण्डल | वडा सदस्य | सदस्य |
| घ) श्री कमलेश्वरी यादव | वडा सदस्य | सदस्य |
| ङ) श्री रोशन शर्मा इन्जिनियर | सदस्य सचिव | |

## ९. सामाजिक विकास समिति :

| | | |
|---|---|---|
| क) श्री सरिता देवी मण्डल, | कार्यपालिका सदस्य | संयोजक |
| ख) श्री द्रोपति देवी साह, | वडा सदस्य | सदस्य |
| ग) श्री आशा सुब्बा | वडा सदस्य | सदस्य |
| घ) श्री विष्णु प्रसाद साह, | वडा सदस्य | सदस्य |
| ङ) शाखा प्रमुख | सदस्य सचिब | |

## १०. न्यूनतम दर रेट निर्धारण समिति :

| | | |
|---|---|---|
| क) श्री ऐयुव अंसारी | अध्यक्ष | संयोजक |
| ख) श्री अनिता देवी यादव | उपाध्यक्ष | सदस्य |
| ग) श्री इलियास मिया | प्रतिनिधि उ.वा.संघ | सदस्य |
| घ) श्री खगेन्द्र गिरी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) श्री रोशन शर्मा | सदस्य सचिव | |

## ११. सुशासन तथा संस्थागत विकास समितिः

| | | |
|---|---|---|
| क) श्री इन्द्रदेव यादव | अध्यक्ष वडा नं. ६ | संयोजक |
| ख) श्री अकली देवी सरदार | कार्यपालिका सदस्य | सदस्य |
| ग) श्री सरजुग सरदार | कार्यपालिका सदस्य | सदस्य |
| घ) श्री लालदेव सागर | वडा सदस्य | सदस्य |
| ङ) श्री रितेश कुमार झा | सूचना प्रविधि अधिकृत | सदस्य सचिव |

## १२. न्यायीक समितिः

| | | |
|---|---|---|
| क) श्री अनिता देवी यादव | उपाध्यक्ष | संयोजक |
| ख) श्री सुलेमान मंसुरी | अध्यक्ष वडा नं. ३ | सदस्य |
| ग) श्री अमिन मिया | अध्यक्ष वडा नं. ४ | सदस्य |

## १३. लेखा समिति

| | |
|---|---|
| क) श्री रामचन्द्र मेहता | संयोजक |
| ख) श्री दर्गा देवी सरदार | सदस्य |
| ग) किफायत मिया | सदस्य |

**आठौ गाउँ सभाका बैठक मिति :**

२०७८।०३।९  गते
२०७८।०३।११ गते
२०७८।०३।१४ गते
२०७८।०३।१६ गते
२०७८।०३।२१ गते
२०७८।०३।२३ गते
२०७८।०३।२५ गते

# कोशी गाउँपालिकाको आ व २०७८।०७९ को
# वार्षिक बजेट नीति तथा कार्यक्रम

२०७८/०३/०९

प्रमुख अतिथि इनरुवा नगरपालिका नगर प्रमुख श्री राजन मेहता ज्यू,
श्री उपाध्यक्ष ज्यू
श्री गाउँसभा सदस्यज्यूहरु,
श्री राजनितिदलका प्रतिनिधिज्यूहरु,
गाउँसभाका सचिव लगायत राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरु
संचारकर्मी एंव सभामा उपस्थित महानुभावहरु।

१. आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत हुने सम्मानित आठौं गाउँ सभाको बैठकमा उपस्थित गाउँ सभाका सदस्य ज्यूहरु राष्ट्रसेवक कर्मचारीहरु संचारकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा गाउँपालिका र स्वयं आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु।

२. यो गरिमामय सभामा सर्वप्रथम म नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै ति आन्दोलनहरुमा नेतृत्व गर्नुहुने अग्रज तथा साथ र सहयोग गरि योगदान दिनुहुने समस्त नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक सम्मान प्रकट गर्दछु।

३. गत वर्ष देखिनै कोभिड १९ महामारीले सृजना गरेको हाम्रो जीवन कालखण्डकै चुनौतीपूर्ण परिस्थितीको सामना गर्दै कोशी गाउँबासी जनताको जीवन सुरक्षा र हामीले चालेको विकासको कदम र समृद्धिको यात्रालाई गतिसिल तुल्याउन सकिन्छ भन्ने आत्माविश्वासका साथ म आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट तथा नीति कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

४. हाल हामीले खेपिरहेको कोभिड महामारीको रोकथाम र नियन्त्रणको अथक प्रयासको बाबजुद पनि यस महामारीका कारण कोशी गाउँपालिका लगायत नेपालमा धेरै नेपाली दाजुभाई दिदीबहिनीहरुले ज्यान गुमाउनु भएको छ।यस महामारीका कारण मृत्युवरण गर्नुहुने दाजुभाई दिदीबहिनीहरुमा म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।साथै वहाँहरुको सोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु रयस महामारी रोगका संङ्क्रमित बिरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।यो अत्यन्त जोखिमपुर्ण अवस्थामा आफ्नो ज्यानको परवाह नगरि संक्रमितको उपचारमा खटनुहुने स्वास्थ्यकर्मी मित्रहरुलाई उच्च सम्मानका साथ हार्दिक धन्यबाद ब्याक्त गर्दछु।

५. कोरोना संकट महामारीको अवस्थामा हाम्रो गाउँपालिकाको अगामी बजेट,योजना नीति तथा कार्यक्रमले कोशीबासी नागरिकहरुको जिवन रक्षा गर्न र यो आर्थिक संकटबाट पार पाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ भन्ने तथ्यलाई मनन गर्दै यो बजेट नीति तथा कार्यक्रम तय गरिएको छ।

६. गत वर्ष यसै गरिमामय सभामा कोभिड १९ को चुनैतीका बाबजुद कोशी गाउपालिकालाई अग्रगमनतर्फ लैजाने ध्येयका साथ बजेट नीति तथा कार्यक्रम प्रस्तुत गरिएको व्यहोरा स्मरण गराउँदै, सर्वप्रथम म हाम्रो उद्देश्य, लक्ष्यका तुलनामा यस वर्ष हामीले गरेका उपलब्धी तथा वर्तमान अवस्थाका सन्दर्भमा संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु।

   १. गत वर्ष चालु आ.व. २०७७।७८को लागि यसै सभामा रु ४७ करोड ६२ लाख ४२ हजारको बजेट प्रस्तुत गरिएको थियो। २०७८ जेठ मसान्तसम्ममा जम्मा रु ४२ करोड ८६ लाख २३ हजार हाम्रो सञ्जित कोषमा निकासा प्राप्त भइ २९ करोड ४५ लाख ७६ हजार कुल बजेटको ५९.३९ प्रतिशत खर्च भएको छ।यसमध्ये

चालु तर्फ २० करोड २१ लाख ८७ हजार विनियोजित बजेटको ६६.४५ प्रतिशत र पूँजीगत तर्फ ९ करोड २३ लाख ९० हजार विनियोजित बजेटको ४८.१८ प्रतिशत खर्च भएकोछ।

२. जसमध्य हाम्रो अगाडी प्रमुख चुनौतिकारुपमा देखिएको काभिड १९ नियन्त्रणका लागि भएको बन्दाबन्दीमा बिपन्न घरपरिवारलाई भोकमरीबाट बचाउन गत बर्ष एघार हजार भन्दा बढी परिवारलाई खाध्यान्न राहतका साथै सुरक्षण सामाग्री बितरण गरिएको थियो।

३. कोभिड नियन्त्रणकै सिलसिलामा गतबर्ष वडा नं १ को राज बहादुर शाह राजाराज पोखरी, वडा नं ५ को दारुलहोदा अलसलफियामदर्सा , वडा नं ३ र वडा नं ८ को खानेपानी भवन ६ नं वडाको राष्ट्रिय मा बि र ७ नं वडाको आधारभुत बिध्यालय समेत छ स्थानमा क्वारेन्टायन तथा होल्डीङ्ग सेन्टर संचालन गरिएको थियो।

४. गाँउ पालिकामा हालसम्म पच्चिस सय भन्दा बढी ब्यक्तिहरुको कोरोना परिक्षण गरिएको छ।वडा स्तरमा वडा अध्यक्षको नेतृत्वमा कोरोना रोगथाम समिति गठन गरि परिचालित छ।होम आईसुलेसनमा रहेका संक्रमितहरुलाई पालिकाबाट खटिएको घुम्ती स्वास्थ्य टोलीले भिटामिन सि भिटामिन डि भिटामिन ई, जिंक लगायतका औषधिजन्य सामाग्री बितरण गर्नुका साथै आबस्यक सल्लाह परामर्श पनि दिई रहेकोछ।

५. फ्रन्टलाईनमा रहेका स्वस्थ्यकर्मी सुरक्षाकर्मी जनप्रतिनिधि कर्मचारी जेष्ठनागरिक लगायत हालसम्म ५०० भन्दा बढी ब्याक्तिहरुलाई कोरोना भ्याक्सिन दिईसकिएको छ अरु नागरिकहरुमा पनि क्रमश भ्याक्सीन दिने क्रम जारी रहेको छ।

६. कोशी टप्पुबाट पटक पटक भईरहेको जंगली जनावर हाती तथा अर्ना लगायत जनावरबाट जनतालाई सुरक्षित राख्न जनजागरण अभियान सञ्चालन गरिएको छ। साथै सरोकारवाला संघीय सरकार प्रधानमन्त्री कार्यालयमा जनता संरक्षण तथा दिगो समाधानका निम्ती नाली सहितको RCC Trench निर्माणका लागि पहल भइरहेको छ।

७. जंगली जनावरको त्रासमा रहेका कोशी क्षेत्रका जनताको आर्थिक उन्नतीका लागि सहुलियत ब्याजदरमा ऋण प्रवाहको माग गरी सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गराइएको छ।

८. कोशी टप्पु वन्य जन्तु आरक्षलाई निकुञ्जमा परिवर्तन गरी जनताको आय आर्जन तथा दिगो पर्यटन प्रबर्धन मार्फत गाउँपालिकामा आर्थिक वृद्धि गर्ने उद्देश्यले कार्यपालिकाबाट निर्णय गरी राष्ट्रिय मधेशी आयोग मार्फत नेपाल सरकार समक्ष माग गरिएको छ।

९. कोशी गाँउपालीकाको मौलिक संस्कृतीको रुपमा स्थापित बिपि स्मृती तेश्रो राष्ट्रिय कुस्ती प्रतियोगिता यहि २०७७ फागुन १९ र २० गते सफलता पुर्वक सम्पन्न गरि गाँउपालिकाको प्रतिष्ठा राष्ट्रिय स्तरमा बढाउने कार्य भएको छ।

१०. भौतिक पुर्वाधारतर्फ चालु आ.ब.मा कालोपत्रे सडक ४ कि.मि, ग्रावेल बाटो, १२.५ कि.म.र आरसिसी ढलान बाटो२.२ कि.मि. निर्माण कार्य सम्पन्न भएको छ।

११. भवन निर्माण तर्फ वडा न १ मा निर्माणाधिन बिपि स्मृति भवनको ३२ प्रतिशत र वडा नं १ मै निर्माणाधिन बहुवर्षीय कृषी प्रशोधन भवनको निर्माण कार्य ३० प्रतिशत सम्पन्न भएकोछ। वडा नं. २ स्थित शौचालय सहित ३ कोठे स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न भईसकेको छ। वडा नं. ५ मा २८ लाख लागतमा ४ कोठे बर्थिङ्ग सेन्टर भवनको निर्माण कार्य यसै आवमा सम्पन्न हुने स्थितिमा रहेकोछ। वडा नं. ६ मा ८२

लाख लागतमा निर्माण भइरहेको सामुदायिक भवनको निर्माण कार्य यहि आव भित्र सम्पन्न हुने अवस्थामा रहेको छ, वडा नं. ७ मा २ करोड २३ लाखको लागतमा निर्माण भइरहेको सामुहिक आवास भवनको ३८ प्रतिशत भौतिक प्रगति भइसकेकोछ, वडा नं ८ मा शौचालय सहित ३ कोठे स्वास्थय चौकी भवन यसै आ.व.मा सम्पन्न हुनेअवस्थामा रहेकोछ,यस पालिका भरि चालु आ.व.मा हाल सम्म १२५० मि. नाला निर्माण कार्य सम्पन्न भएको छ। वडा नं १ स्थित राष्ट्रिय मा.वि. को ४ कोठे भवन निर्माणको ठेक्का प्रक्रिया सम्पन्न भइ सम्झौता भईसकेकोछ। कोशी ब्यारेजको धार्मिक स्थलमा धर्मशाला निर्माण भएको छ। वडा नं ३ राष्ट्रिय मावि शोभनपुरको ४ कोठे विद्यालय भवन यहि असार मसान्त सम्ममा टाइबिम सम्मको कार्य सम्पन्न गर्ने सम्झौता भएको, वडा नं ३ राष्ट्रिय मावि शोभनपुरको कम्पाउन्ड कार्य सम्पन्न भइ भवनको माथिल्लो तल्ला थप्ने काम कार्य प्रारम्भ भएकोछ, वडा नं ८ स्थित भान्टाबारीपानी टंकी छेउमा झोलुङ्गे पूल निर्माणको डि.पी.आर. तयार गरी आगामी आ. ब. मा काम सम्पन्न गर्ने गरी सम्झौता भईसकेको छ। १५ शैयाको अस्पताल भवन निर्माण गर्न जग्गाको सुनिश्चित गरि प्रारम्भिक डि. पि.आर. तयार पारी मन्त्रालयमा पेस गरिएको छ।

१२. नहर चोक देखी प्रभाकर मुसहरी टोल हुँदै कुम्याही मल्धियापुर सम्ममको बाटो र जमुवा चोकबाट हुँदै मल्धिया हुँदै हरिपुरसम्मको बाटो अगामी आवमा प्रदेश सरकारबाट कालोपत्रे हुने जानकारी प्राप्त भएको छ।

१३. हरिपुर चोक हुदै कमलेसी खेरवार हुँदै हरिपुर ७ मुसहरी टोलसम्मको बाटो र शिवचोक देखि विरपुरसम्मको बाटोलाई प्रदेश सरकारले अगामी आवमा पनि निरन्तरता दिने व्यहोरा पनि जानकारी प्राप्त भएको छ।

१४. पर्यटन क्षेत्र विकासका लागि ७ नं वडमा निर्माधिन रहेको मत्सय गन्धक फन पार्क योजना अगामी आवमा पनि निरन्तर प्रदेश सरकारबाट पनि निरन्तरता दिइएको व्यहोरा जानकारी गराउँछु।

१५. नहर चौक देखि वडा नं ५ प्रभाहकर टोल जोडने बाटो कालोपत्र गर्ने योजनाको डि पि आर तयार गरी प्रदेश मन्त्रालयमा पेश गरिएको छ।

१६. वडा नं. ३ स्थित पक्कि कालोपत्रे सडक खानेपानी कार्यालय देखि जहाङ्गिर अन्सारीको घर हुदै महरिपुर शाखा नहर जोडने पक्किकालोपत्रे सडक निर्माण कार्यको डि पी आर तयार गरि प्रदेश मन्त्रालयमा पेश गरिएको छ।

१७. यसै साल देखि वडा नं ८ भान्टाबारीको अधुरो खानेपानी योजनाको बाँकी काम सम्पत्र गरि ९००घरपरिवारमा खानेपानी सुबिधा उपलब्ध हुने गरि योजना सम्पन्न भएको छ।

१८. लौकही र हरिपुरको खानेपानी योजनाको बाँकि काम आगामी आ ब भित्र सम्पन्न गरि उपभोक्ताहरुलाई खानेपानी बितरण गर्न नेपाल खानेपानी संस्थासंग सम्झौता गरि आयोजना हस्तान्तरण गरिएको छ।

१९. वडा नं २ र ३ जोडने अर्जुन साहको घर देखि हरिपुर शाखा नहर सम्म १८०० मि र अरु वडामा निर्माण भएको १२०० मि समेत जम्मा ३ कि मि नया ट्र्याक खोली माटो पुरी बाटो ग्रइभेल, पाईप कल्भर्ट, कल्भर्ट निर्माण भएको छ।

२०. आर्थिक बिकासतर्फ पालिकाको वडा नं ५ स्थित बालुवाले पुरिएको जमिनलाई उपयोग गरि किसान र पालिकाको लागत साझेदारीमा कागती पकेट क्षेत्र निर्माण गरि पालिकाकोतर्फबाट सिंचाई लगायतको प्राबिधिक सहयोगका साथै बिभित्र किसिमले प्रोत्साहनगरिन्दै आएको र हाल उक्त कार्यक्रम प्रदेश कै नमुना

कार्यक्रमको रुपमा बिकास हुदै गएको छ ।यसै कार्यक्रमलाई नमुनाको रुपमा अङ्गिकार गरि प्रधानमन्त्री कृषि आधुनीकीकरण आयोजनाले सोही क्षेत्रमा गाँउपालिकाको २० प्रतिशत र किसानको समेत त्रिपक्षिय लागत साझेदारीमा कागती जोन निर्माण प्रकृया अघि बढी सकेको छ ।

२१. कृषि क्षेत्रको बिकासमा प्रोत्साहन गर्न कृषकलाई स्पेयर, होण्डा मेशिन, गोडमेल गर्ने हाते ट्याक्टर रमकै बालीलाई केन्द्रीत गरि फौजी किरा नियन्त्रण गर्ने उपकरण निशुल्करुपमा बितरण गरिएको छ।

२२. कृषि घुम्ती स्थलगत तालिम, बेमौसमी तरकारी खेती तालिम, आईपिएम पाठसाला संचालन लगायतका कार्यक्रमहरु संचालन भईसकेका छन् ।

२३. पशु बिकासतर्फ पशु शिबिर, घरदैलो पशु भ्याक्सीनेसन कार्यक्रम सम्पत्र गरि सिमेन्ट नाईट्रोजन कार्यक्रम निरन्तररुपमा संचालनमा रहेको छ ।

२४. गरिबी निवारणका लागि लघु उधम बिकास कार्यक्रम अन्तर्गत उधमशिलताको तालिम प्रदान गरि बिपत्र ८० जना नँया लघु उधमीहरु सिर्जना गरिएको छ । पुराना ४० जना लघु उधमीहरुलाई पुनःताजगि तालिम प्रदान गरि स्तरउन्नती गरिएकोछ । यस अन्तर्गत ३२ जना किसानलाई विधुतबाट चल्ने सिंचाई गर्ने मोटर, पटेरको सामाग्री बनाउने २५ महिला  लघु उद्यमीलाई पटेर भण्डारण कक्ष निर्माण, माछा मार्ने २५ जना केवट समुदायका व्यक्तिलाई जाल उपलब्ध गराइएको छ ।

२५. युवा क्षमता बिकास कार्यक्रम अन्तर्गत वडा नं ५ मा कम्प्युटर केन्द्र र वडा नं ५ र ८ दुई स्थानमा सिलाईकटाई तालिम केन्द्र स्थापना गरि तालिम संचालन भईरहेको अवस्था छ । साथै वडा नं ४ मा गत बर्ष स्थापना गरिएको सिलाइ कटाई तालिम केन्द्रको थप स्तरबृद्धि गरि तालिम संचालन गरिएको छ ।

२६. वडा नं ३ स्थित कोशी टप्पु कोशेली घरको स्तरउन्नती गरि सरदार बस्तीका बिपन्न महिलाहरु लाई बिभित्र घरेलु सिपकोतालिम प्रदान गरि घर मै स्वरोजगार बन्न सक्ने अवसरको सिर्जना गरिएको छ ।

२७. कोशी बाढी पिडित बिपत्र महिलाहरु लाई शसक्तिकरण गर्ने उद्देश्यले सि. डि .पि. नेपालबाट गठन गरि परिचालन गरिएका ६८ वटा महिला समुहहरुलाई एकिकृत गरि कोशी बचत तथा  ऋण सहकारी संस्था र सप्तकोशी बचत तथा ऋण सहकारी संस्था स्थापना गर्न आबस्यक प्रकृया पुरा गरि दुबै समूहका संचालकहरुलाई एक–एक हप्ते ब्यबस्थापन तालिम प्रदान गरि औपचारिक रुपमा संस्था स्थापना हुने चरणमा पुगिसकेको छ ।

२८. पालिकाका सहकारीहरुको नियमन तथा अनुगमन गरि उत्कृष्ट देखिएको सहकारीलाई कम्प्युटर, प्रिन्टर लगायतका सामाग्रीहरु अनुदान प्रदान गरिएकोछ ।

२९. प्रदेश सामाजिक बिकास मन्त्रालय, करुणा फाउन्डेसन नेपाल र पालिकाको त्रिपक्षियसाझेदारीमा अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच सुनिश्चित गर्नका लागि मोबाइल हेल्थ कार्यक्रम, शुभकामना कार्ड वितरण, अपांगता भएका बच्चा नजन्मियोस भन्ने उद्देश्यका साथ गर्भवती महिला तथा बच्चा पाउने इच्छा भएका दम्पतीलाई फोलिक एसिड खुवाउने कार्य, आठ वटै वडामा अपांगता भएका व्यक्तिको स्वास्थ्य परीक्षण शिविर सञ्चालन, शिवरबाट सिफारीश भएका व्यक्तिलाइ सहायक सामाग्रि प्रदान र स्वास्थ्य उपचार आवश्यक रहेको बालबालिकालाई उपचार सहयोग उपलब्ध गराउनेकार्यक्रम संचालन गरियो ।

३०. यसै साल पुरानो खातामा अभिलेखिकरण  गरिएका साठी हजार घटना दर्ता मध्येपचास हजार घटना दर्ताको

अभिलेखलाई कम्प्युटीकृत (Digitization) गरिसकिएको छ ।

३१. गाँउपालिकाका काम कारबाहिलाई सार्बजनिकिकरण गर्ने तथा जनताको गुनासो जनता कै घरदैलोमा गएर सुन्ने उद्देश्यले तय गरिएको जनतासंग अध्यक्ष कार्यक्रम उत्साहका साथ सौहार्दपुर्ण वाताबरणमा ८ वटा वडाका ११ स्थानमा सम्पन्न गरिएको छ ।

३२. चालु आवमा पुरानो बेरुजु फर्छौट कार्यमा उल्लेखनीय प्रगति भएको छ । बाँकी बेरुजु पनि फर्छयौट गरी गाउँपालिकालाई बेरुजु शुन्य बनाउन तर्फ प्रयत्न भइरहेको छ ।

३३. मेरै सक्रियता र बिषेश पहलमा प्रदेश नं १ कै गौरबको आयोजना कोशी रिफ्रेशमेन्ट सेन्टर हाम्रो कोशी गाउँपालिकामा संचालनमा रहेको छ । आ.व. २०७६/७७ मा ४७ करोडको लागतमा संरचना निर्माणका लागि ठेक्का बन्दोवस्त भइ कार्य आरम्भ भएको व्यहोरा जानकारीगराउँछु। मेरै सक्रियतामा ५० करोडको लागतमा संघीय सरकारबाट निर्माण भईरहेको लौकही कोलनीको सभाहल पहिलो तल्ला निर्माणको प्रगतिमा छ ।

३४. गाउँपालिका सञ्चालन आवश्यक पर्ने निर्माण हुन बाँकी ऐन,नियम तथा कार्यविधिहरु यसै आ.व मा निर्माण गरीएको छ ।

३५. गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना निर्माण कार्य पनि यसै वर्ष निर्माण हुने चरणमा पुगेको छ ।

३६. गाउँपालिकामा रहेका विद्यार्थीहरुलाई आफ्नो गाउँ प्रति अपनत्वको भावना जागृत गर्न र पालिकाको पहिचान अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माणको चरणमा रहेको छ ।

३७. गाउँपालिकका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास योजना निर्माण गर्न प्रदेश प्रसिक्षण केन्द्र अन्तर्गत सञ्चालित डी एल जी एस पी.कार्यक्रमसंग पालिकाको सम्झौता भइसकेको छ ।

३८. संगठन संरचना पुनर्लोकन (ओएनएम सर्भे)गरि कार्यन्वयनको चरणमा रहेको छ ।

३९. चालु आ व मा घटना दर्ता पञ्जिकरणको स्वीकृत कार्यक्रम अनुसार पालिकाका सबै वडाका गाउँ टोलमा गई घटना दर्ता शिविर सञ्चालन गरिएकोछ। यस शिविरमा जन्म, मृत्यु, विवाह तथा सामाजिक सुरक्षा भत्ता लगायतका २०० भन्दा बढी निःशुल्क घटना दर्ता भएका छन् ।

४०. स्थानीय तहको न्यायीक सम्पादन कार्य अन्तर्गत गत वर्ष किनारा हुन बाँकी चालु आव मा जिम्मेवारी सरि आएका२१३ र चालु आवमा दर्ता हुन आएका ५० समेत जम्मा मुद्दा संख्या २६३ रहेकोमा चालु आवमा १२४ फर्छौटगरि १३९ वटा मद्दा सुनुवाइको क्रममा रहेका छन् ।

४१. गलफरीया सिंचाई योजनाको DPR तयार गरी प्रदेश सरकारलाई जिम्मा लगाएको कोशी टप्पु नजिक भ्यू टावर तथा प्रत्येक विश्रामस्थलको DPR समेत प्रदेश सरकारमा बुझाइएको छ ।

**आदरणीय महानुभावहरु,**

कृषि र पर्यटनको प्रचुर सम्भावना बोकेको रामसार सूचीमा सुचिकृत सिमसार क्षेत्र भएको, एशियाको चराचुङ्गीको बासस्थानको रुपमा चिनिने कोशी टप्पु क्षेत्र र कोशी नदीले छाडेको पाँच हजार भन्दा बढी नदी उखाड सार्वजनिक जग्गा रहेको, पालिकाको बीच भागबाट पूर्व-पश्चिम १८ किमि हाइवे रहेको हाम्रो गाउँपालिका एउटा सम्भावना युक्त भविष्य बोकेको क्षेत्र हो।

वर्तमान अवस्थामा विश्वव्यापी मानव संकटका रुपमा हाम्रोजिवन कालखण्डमै सर्वाधिक चुनौतीको रुपमा देखिएको कोभिड-१९ बाट नागरिकको जीवन रक्षा गर्नेदायित्व एकातर्फ रहेको छ भने अर्को तर्फ वन्यजन्तु आरक्ष क्षेत्रभित्र रहेका रैथाने जंगली हात्ती लगायत जंगली जनावरले आरक्षण सीमावर्ती क्षेत्र वरिपरिका वस्तीमा बालीनाली क्षती पुर्याई घरवास तोडफोड गर्नुका साथै हालसम्म एउटै हात्तीको आक्रमणबाट २७ जना व्यक्तिको मृत्यु भइसकेको छ।यो हाम्रो स्थानिय विशेषका लागि मुख्य चुनौतिको रुपमा रहदैँ आएको छ र यसका अतिरिक्त कोशी बाढीबाट मरुभूमिकरण भएको जमीनलाई पुनः उर्वरभुमीमा परिणत गरि कृषिमा आधुनिकिकरणगर्नुका साथैविकासको क्रममा पछाडी परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, स्थानीय स्तरमा रोजगारीका अवसहरु वृद्धि गरी युवा जनशक्तिलाई स्वादेशमै केही गर्न सकिन्छ भन्ने आशाको संचार गराउनु, निर्वाहमूखी कृषि प्राणालीलाई व्यवसायीकरण गर्नु, कृर्षि पेशालाई अशिक्षित र गरीबको पेशाबाट सम्मानित पेशाको रुपमा रुपमान्तरण गरि युवाहरुको सलग्नतालाई प्रोत्साहित गर्नु, उपलब्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु, लक्षित वर्गका कार्यक्रमहरुलाई राज्यको सबैभन्दा तल्लो वर्ग र तहसम्म पुर्याउनु, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्नु आदि विकास प्रकृयाका विद्यमान चुनौतीहरु हाम्रा सामु रहेका छन्।

**आदरणीय महानुभावहरु,**

विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरसबाट हुन सक्ने मानवीय र आर्थिक क्षतिलाई न्यून गर्न र हालको विषम परिस्थितिलाई समान्य रुपमा ल्याउन प्रयत्न गर्दै अगामी आवको यो बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा "सुरक्षित र समृद्ध कोशीको आधार, कृषि पर्यटन र दिगो पुर्वाधार" हाम्रो दीर्घकालीन गन्तव्य सहितको आवद्यिक योजना, नेपालको संविधानको भावना, नेपालको पन्ध्रौ योजनाको आधारपत्रले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको दिशा निर्देशन, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश नं. १ सरकारको वार्षिक नीति तथा कार्यक्रम र हाम्रा कार्यपालिका सदस्यहरु र आम गाउँबासीहरुबाट प्राप्त सुझावहरुलाई नै प्रमुख आधार मानी तयार गरिएको यो गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत अगामी आ.व. २०७८।७९ को निम्नानुसार क्षेत्रगत नीति कार्यक्रम तथा बजेट संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## कोभिड १९ को व्यवस्थापन

१. कोरोना भाइरसबाट गाउँबासीको जीवन रक्षा गर्न 'सचेत रहौं, आफू बचौ र अरुलाई पनि बचाऔं' कार्यक्रम तय गरि स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम् सेविका परिचालन गरि सक्रियता पूर्वक सचेतीकरण कार्यक्रम संचालन गरिनेछ।

२. कोभिड १९ को कारण बन्दाबन्दी रहेको अवधीलाई शुन्य अवधी मानी सम्पूर्ण सेवामा कुनै थप दस्तुर नलिई सेवा प्रबाह गरिनेव्यवस्था मिलाईनेछ।

३. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, पदाधिकारीहरु तथा स्वयम् सेवीहरुलाई उच्च मनोबलका साथ कार्य गर्न प्रोत्साहित गरिनेछ।

४. स्वास्थ्य संस्थाहरुको आवश्यक भौतिक संरचनामा सुधार गरिनेछ।

५. कोरोना परीक्षणको कार्यलाई आवश्यकता र अवस्था अनुसार सञ्चालन गरिनेछ।

६. संघीय सरकार र प्रदेश सरकारको सहकार्य र समन्वयमा सबै नागरिकहरुलाई कोभिड १९ विरुद्धको खोप लगाउन भरपूर प्रयत्न गरिनेछ।

७. कोभिड १९ को कारण मृत्यु भएका विपन्न परिवारलाई लास दाहसंस्कार खर्च बापत पच्चिस हजार नगद निजको हकवालालाई उपलब्ध गराइने व्यवस्था मिलाइनेछ।

८. कोभिड १९ संक्रमित व्यक्तिहरुलाई अस्पताल सम्म जान आउनका लागिका निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ।

९. होम क्वारेनटाइनमा रहेका कोभिड संक्रमितहरुलाई आवश्यक औषधि सामग्री सहित स्वास्थय टोलीबाट घरदैले परामर्श सेवा निरन्तर कायम राखिनेछ।

१०. स्वास्थ्यकर्मीहरुलाई आबस्यक तालिम प्रदान गरि क्षमतामा अभिबृद्धि गरिनेछ।

११. कोभिड १९ नियन्त्रण र रोकथामका लागी माथि उल्लेखित कार्यक्रमहरु संचालन गर्न दुई करोड बजेट विनियोजन गरेको छु।

**राजश्व परिचालन एवम् श्रोत अभिवृद्धिः**

१. राजश्व असूली कार्यालई पारदर्शी सरल र सूचनामैत्री बनाउन गाउँपालिकाका ८ वटै वडामा जडान गरिएको कम्प्यूटर सफ्टवेयरलाई अनलाइन नेटवर्किङ्ग गरिनेछ। जसबाट जुनसुकै समयमा राजश्वको अवस्था बारे सूचना प्राप्त गर्न सकिनेछ।

२. कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने सवालमा व्यपारी व्यवसायीहरुको प्रतिनिधिमुलक संस्था स्थानीय उद्योग वाणिज्य संघसंग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिइनेछ।

३. वार्षिक पेशा व्यवसाय कर र घरवाहालकर निशेधज्ञा अवधिभरको लागि छुट दिइनेछ।

४. कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई आफुले बुझाउनु पर्ने व्यवसाय कर, वहाल कर, चुक्ता गर्न अनिवार्य गरिनेछ। साथै सो योजनाबाट लाभान्वीत उपभोक्ताहरुलाई पनि आफूले तिर्न बाँकी कर चुक्ता गर्न प्रोत्साहन गरिनेछ।

५. यस गाउँपालिकाको स्वामित्वमा रहेका र पालिकाको संरक्षण र परिचालन गर्न सक्ने भवन जग्गा जमिन, हाटबजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अध्यावधिक गरी यसलाई राजश्व आम्दानी गर्ने माध्यमका रुपमा परिचालन गरिनेछ। यस्ता श्रोतहरुको परिचालन गर्दा पारदर्शी प्रतिस्धपर्धात्मक पद्यतीको प्रकृयालाई अवलम्बन गरिनेछ।

६. विशेष परिस्थितिमा उल्लेखित कर,शुल्क,दस्तुर आदिका दरहरु कार्यन्वयनमा समस्या आएमा अगामी गाउँ सभाबाट अनुमोदन गराउने गरि गाउँ कार्यापालिकाबाट कर शुल्क, दस्तुर आदिका दरहरुमा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ।

७. वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाईगाँउपालिकाले आयोजना गरिने कुनै सार्वजनिक समारोहमा विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

८. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा सुविधाका कार्यहरुलाई राजश्व चुक्ता प्रणालीसंग आवद्ध गरिनेछ ।

९. कर संकलन कार्यमा संलग्न कर्मचारी पदाधिकारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्यभन्दा बढी कर संकलन भएमा लभ्य भन्दा बढी संकलन भएको रकमबाट उत्कृष्ट योगदान गर्ने कर्मचारी तथा पदाधिकारीलाई कार्यपालिकाको निर्णयबाट प्रोत्साहन पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।

१०. गाउँपालिकाले उठाउने आन्तरिक राजश्व श्रोत तर्फको कर, शुल्कदस्तुरको दर रेट नबढाइ सबै करदातालाई समेटी करको दायरा फराकिलो बनाई सामाजिक न्याय सुनिश्चित गरिने छ ।

११. कर दाताको सहभागीतालाई राजश्व अभिवृद्धि गरि कुल बजेटको अंशमा आन्तरिक आम्दानीको अंश प्रत्येक वर्ष वृद्धि गर्दै लगिने छ ।

## आर्थिक विकास

१. कृषिको उत्पादन बढाई कृषकका जिवनस्तर बढाउन गाउपालिकास्तरीय कृषि नीति, भू-उपयोग नीति र सहकारी सम्बन्धि नीति निर्माण गरि कार्यन्वयन गरिनेछ ।

२. यस गाउपालिकामा २०६५ सालमा कोशीको बाढीले उर्बर खेती योग्य जग्गा क्षण भरमै मरुभूमीकरण भएको कहाली लाग्दो दृश्यले अहिले पनि हामीलाई त्रासिद बनाई रहेको छ । खेतीयोग्य जमिन बालुवाले पुरिएर क्षणभरमै सुकुम्बासी भएका किसानको अवस्थामा सुधार गर्न र मरुभुमिकरण भएको क्षेत्रलाई हरियालीमा परिबर्तन गर्न कागती, ड्रागन लगायतको फलफुल तथा तरकारी खेतीलाई प्रश्रय गरि बिउ बिरुवामा अनुदान, थोपा सिंचाई दिने चालु आर्थिक वर्षको नीतिलाई निरन्तरता दिइनेछ ।

३. माटोको उर्वरशक्तिलाई जोगाई राख्न रासायनीक मल तथा विषादिको प्रयोगलाई निरुत्साहीत गरी आर्गेनिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

४. कोशी गाउँपालिका वडाहरुमा एक वडा एक उत्पादन पकेट क्षेत्रको रुपमा प्राविधिक सम्भाव्यता अध्ययन गरि तरकारी तथा फलफुलको उत्पादनमा वृद्धि गरिनेछ ।

५. विषाधि न्यूनिकरण गर्न कृषकको सचेतनाका लागि गाउँपालिकाका विभिन्न क्षेत्रमा कृषक पाठशाला संचालन गरिनेछ ।

६. व्यावसायिक रुपमा भैंसी पालक किसान रहेको क्षेत्रलाई भैंसी जोनको रुपमा विकास गर्नेनीति लिएको छु । भैंसी जोन विकासका लागि विशेष प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ ।

७. निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई आधुनिक व्यवसायिक कृषि प्रणालिमा रुपान्तरण गर्न जोड दिइनेछ ।

८. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ ।

९. बाझो जग्गाहरुलाई खेती योग्य बनाउन वडा नं. ३,४,५,६ र ७ को किसानहरुको बाझो जग्गा सम्याउने व्यवस्था पालिका स्तरबाट मिलाइनेछ ।

१०. उपभोक्ता अधिकार सुनिश्चित गर्नका लागि उपभोग्यबस्तु गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने र नियमित बजार अनुगमन तथा नियमन प्रणालिको विकास गरिनेछ ।

११. स्वस्थ्य, स्वच्छ मासुको विक्रि वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याईनेछ ।

१२. दुग्ध व्यवसायलाई प्रवद्र्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहीत गरिनेछ।

१३. स्थानिय श्रोत साधन एवं जनशक्ति परिचालन गरि स्थानीय स्तरमा रोजगारी सृजना गर्ने उधोगहरु स्थापना गर्न प्रोत्साहित गरिन्छ।

१४. कालोबजारी नियन्त्रण गर्न उधोग वाणिज्य संघ, वडा कार्यालय, टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ र आवश्यक मापदण्डबनाई त्यस्तो दण्डीत गर्ने निती लिईनेछ। साथै यसकार्यका लागिआवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालयसँग सहकार्य गरिनेछ।

१५. गाउपालिका क्षेत्र भित्र रहेको चतरा भिमनगर चल्ने रेलको पुरानो डिब्बालाई सुरक्षित गरी भविष्यमा संग्रहालय स्थापना गरी राखिनेछ। साथै ऐतिहासिक, पुरातात्विक स्थल तथा पर्यटन क्षेत्रहरुको संरक्षण संर्द्धन गरि त्यसको प्रचार प्रसार गर्दै त्यसबाट आय आर्जन र रोजगारी श्रृजना गर्ने नीति लिईनेछ। चतरा भिमनगर सञ्चालन भएको रेलको इतिहास झल्किने पुरानो डिब्बा संरक्षण गरी भविष्यमा संग्रालय स्थापना गरि सुरक्षित गरिनेछ।

१६. गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिगरि ६८ वटा महिला समूहहरुको दुईवटा सहकारी निर्माण गर्ने कार्य अन्तीम चरणमा पुगि सकेको छ भविष्यमा आफ्नो संस्था आफै संचालन गर्ने गरि उहाँहरुको क्षमता बिकास गरिनेछ।

१७. युवा स्वरोजगार, लघुवित, सामुहिक कर्जा, शैक्षिक कर्जा र वैदेशिक कर्जा क्षेत्रमा वितिय क्षेत्रलाई लगानी गर्न अनुकुल वातावरण श्रृजना गर्ने नीति लिईनेछ।

१८. वित्तिय संघ संस्थासंग समन्वय गरि सामाजिक उत्तरदायित्व अन्तर्गत तोकिएको क्षेत्रमा सहुलियत ब्याजमा लगानी गर्न प्रेरित गरिन्छ।

१९. अनुत्पादक खर्चको कटौती र उत्पादक क्षेत्रमा लगानी गर्ने नीति लिईनेछ।

२०. गाउँपालिकामा औद्यौगिक मैत्री बातावरण श्रृजना गरि रोजगारी श्रृजना हुने क्षेत्रमालगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईनेछ।

२१. कृषि तथा पशुपंक्षिपालनमा देखिएको बढदो महिला सहभागितालाई प्रोत्साहन गर्दै उहाँहरुको सशक्तिकरणका लागि आवश्यक तालिम तथा साना व्यवसायिक महिलामुखि कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

२२. परम्परागत पेशा अवलम्बन गर्ने लोपोन्मुख, सिमान्तकृत, अतिसिमान्तकृत जाती समुदायहरुले उत्पादन गरेको सामाग्रीहरुलाई कोशेली घर व्यवस्थापन गरि उचित मूल्यमा विक्री वितरणको व्यवस्थापन मिलाइएको छ।

२३. आर्थिक रुपमा विपन्न समुदायलाई समेत विधुतमा पहुँच सुनिश्चित गर्ने नीति लिएको छु। यसका लागि डोम, मुसहर, चमार र झाँगड व्यक्तिले विधुत मिटर जडान गरेमा मासिक रुपमा तिर्नुपर्ने शुल्कमा २५ प्रतिशत गाउँपालिकाबाट अनुदान दिइनेछ।

२४. माछा पालन व्यवसायलाई अझ प्रबर्द्धन गर्ने नीति लिएको छु। माछा पालन गरी जिविपार्जन गर्ने सबैलाई जाल उपलब्ध गराउने नीति लिएको छु।

२५. गाउँपालिकाको विकास निर्माणका लागि थप श्रोते जुटाउन नगर विकास कोषबाट ऋण सहयोग लिई बजारीकरण तथा पर्यटन पार्कमा लगानी गरिनेछ।

## पूर्वाधार तथा भौतिक विकास

१. विकासको सबै क्षेत्रको ढोका भौतिक विकासको पुर्वाधारबाटै खोलिने हुदाँ आगामि आ.ब.को मुल नारा नै 'गाउँमा दिगो भौतिक पुर्वाधार, कृषि र पर्यटन संमृद्धिको आधार' राखि भौतिक पुर्वाधारको विकासमा विशेष जोड दिने नीति लिईनेछ ।

२. "हाम्रो सडक हाम्रो सहभागीता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता" भन्ने नारा अनुरुप गाउँका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाईप सहित ग्राभेल सडकमा स्तरउन्नति गरिनेछ ।

३. गत विगत सालका अधुरा क्रमागत योजनाहरुलाई अगामी आ.व.मा पहिलो प्राथमिकताराखि सम्पन्न गराउने नीति लिइनेछ ।

४. आवधिक गाउ बिकास योजना, भु–उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, सडक मापदण्ड,भवन निर्माण मापदण्ड शिघ्र तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

५. उपभोक्ता, संघ, संस्था र समुदायको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रको मुख्य मुख्य सडकहरु कालोपत्र गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६. "सबै खुसी, सबै उज्यालो–कार्यक्रम सहितको अभियान संचालन गरि बिधुत सुबिधाउपलब्ध नभएका बस्ति तथा गाउँका चोकगल्लीहरुमा प्राथामिकता साथ सडक बिधुतिकरण गर्ने नीति लिईनेछ ।

७. गाउँपालिका क्षेत्रमा २० फिट भन्दा कम चौडाई भएका बाटोमा पालिका तर्फबाट मर्मत सम्भार तथा स्तरीकरण गर्न कुनै किसिमको लगानी नगर्ने नीति लिईनेछ ।

८. संभव भए सम्म "एक वडा एक गौरव योजना"कार्यक्रम अन्तर्गत प्रत्येक वडामा कम्तीमा २ करोड लागतको एक योजना पहिचान गरि कार्यान्वयन गर्ने निति लिईनेछ ।

९. "एक वडा एक खेल मैदान"को अवधारणा अनुरुप गाउँपालिका क्षेत्रमा रहेका ऐलानी सार्वजनिक जग्गालाई संरक्षण गरी खेलकुद मैदान तथा पार्कका रुपमा विकास गरिनेछ ।

१०. अव्यवस्थित हाटबजारलाई ब्यबस्थितढंगबाट संचालन गर्न आबस्यक भौतिक पूर्वाधारको ब्यबस्थापन गरिनेछ ।

१२ . कोशी गाउपालिकाको पन्ध्र बर्षे दिर्घकालिन सोच सहितको पन्चबर्षिय आवधिक बिकास योजना तयार गरि यसै बर्ष देखि कार्यान्वयनमा ल्याईनेछ ।

१३. पुर्वाधार बिकासकालागि जनसहभागिता र जनपरिचालनमा आधारित कार्यक्रमलाई प्राथामिकतासाथ कार्यान्वयनमा जोड दिईनेछ । गाउपालिका क्षेत्रमा उपभोक्ता मार्फत संचालन हुन आयोजनामा भवन र कंक्रिटको काममा १० प्रतिशत,माटोग्राभेलको काममा १५ प्रतिशत र माटोको काममा २० प्रतिशत उपभोक्ताको तर्फबाट लागत सहभागिता जुटाउने नीति लिईएकोछ ।

१४. बिकास ब्यबस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित बिकास गर्ने नीति अवलम्बन गरिनेछ । सोहिअवधारण अनुरुप जनसंख्या, क्षेत्रफल, बिकासको अवस्था, आन्तरिक आयमा योगदान, जस्ता सूचकका आधारमा वडास्तरिय श्रोतसाधनको बाडँफाड गर्ने नीति अवलम्बन गरिएको छ ।

१५. गाउपालिका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गैत्री र बाताबरण मैत्री गर्ने नीति कायम रहनेछ ।

१६. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभाबकारी बनाउन उपभोक्ता समिति र अनुगमन

समितिलाई थप प्रभाबकारी बनाईनेछ ।

१९. गाउँको पहिचान दिने, रोजगारी र स्वरोजगारी श्रृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्युनिकरण एवं समावेशीविकासबाट समाजिक विभेद कम गर्दै जाने नीति लिईनेछ ।

२०. गाउँपालिमा गरिने सार्वजनिक निर्माण कार्यहरुमा उच्चस्तरको गुणस्तर कायम गर्ने नीति लिईनेछ । सार्वजनिक निर्माण कार्यहरु गुणस्तर भए नभएको अनुगमन गर्न पालिकाका अध्यक्षको संयोजकत्वमा माथिल्लोस्तरको अनुगमन समिति रहनेछ ।

२२. बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्डको परिधीभित्र रहेर घर नक्सा पास गर्ने कार्यलाई व्यवस्थित तुल्याईने नीति लिईनेछ ।

२३. भवन निर्माणमा एक घर दुई रुखको नीति अवलम्ब गरिनेछ । भवन निर्माण सम्पन्न प्रमाणपत्रको लागि उक्त घरको परिसरमा रुख बिरुवा रहेको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२४. पालिकाक्षेत्रमा रहेका सडकहरुको नामाकरण गरि लम्बाई, सडकको सुरु र अन्तीम बिन्दुको नामाकंन समेत उल्लेख गरि प्रवेश बिन्दुमा होर्डिङ्ग बोर्ड राखिनेछ ।

२५. ठूला भौतिक विकासका कार्य गर्न प्रदेश सरकार, संघीय सरकार लगायत अन्य साझेदार सँग समन्वय गर्न प्राथमिकता दिईनेछ ।

## बातावरण तथा विपद व्यवस्थापन:

१. यस गाँउपालिकामा विपद व्यवस्थापनका लागिस्थापना गरिएको बिपद ब्यबस्थापन कोषलाई प्रत्येक वर्ष बृद्धि गरिदै लगिनेछ । कोषको संचालन र ब्यबस्थापनका लागि कार्यबिधि निर्देशिका बनाई लागु गरिनेछ ।

२. गाउपालिकामा रहेको स्थानीय विपद व्यवस्थापन समितिलाई तालिम प्रदान गरि विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखीम न्युनिकरण तयारीको कार्ययोजना निर्माण गरिनेछ । भविष्यमा विपद न्युनिकरणको लागि पुर्वसुचना प्रणाली सम्बन्धी कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

३. गाउँपालिकालाई वातावरण मैत्री हरित गाउको रुपमा विकास गर्न बृक्षारोपन तथा वनबुटानको संरक्षण गरि हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

४. विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरि स्वयंसेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

५. यस गाउपालिका क्षेत्र भित्रका सामाजिक संघ संस्थासंग समन्वय गरि सर्बसाधारणका लागि भरपर्दो एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

६. अग्नी नियन्त्रण तथा बिपद ब्यबस्थापन लागि प्रदेस सरकारका पर्यटन तथा उधोग मन्त्री माननीय श्री जगदिश कुसियत ज्यूको बिषेश पहलमा यसै आबमा बारुण यन्त्र र प्रहरी भ्यान गाँउपालिकालाई प्राप्त भएको छ । यसका लागि म उहाँलाई हार्दिक धन्यबाद ब्यक्त गर्दछु । बारुण यन्त्र संचालन सम्बन्धी कार्यबिधि बनाई संचालनलाई ब्यबस्थित गरिनेछ । संचालकहरुलाई तालिम प्रदान गरि सक्षम बनाईनेछ ।

७. भुकम्प लगायत अन्य प्रकोप जस्ता प्राकृतिक विपतीको अवस्थाका लागि “एक टोल एक खुल्ला क्षेत्र”को

अवधारणा अनुसार खुल्ला क्षेत्रको पहिचान गरि खुल्ला क्षेत्र तोकिनेछ र त्यस्तो क्षेत्रमा कुनै किसीमको निर्माणकार्य गर्न रोक लगाईनेछ।

८. पालिकाका ८ वटै वडा कार्यालयहरुमा फोहरमैला सम्बन्धी नागरिक सचेतना कार्यक्रम संचालन रसबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समिति गठन गरि सक्रिय तुल्याईनेछ। गाउँपालिका क्षेत्रमा संकलन गरिएको फोहोर व्यवस्थापनका लागि एक डम्पिङ साइडको व्यवस्था मिलाइनेछ।

९. सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाहीगरि जरिवाना गरिनेछ।

१०. फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक नीजि साझेदारी ($p^3$) को अवधारणा अनुसार सःशुल्क फोहर व्यवस्थापनको नीतिलाई अगाडी बढाईनेछ।

११. कोशी गाउपालिका खुल्ला दिसा मुक्त घोषित क्षेत्र भएर पनि सरसफाईको कार्यमा पछाडि नै देखिएकाले पुर्ण सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ।

१२. बजार तथा पर्यटक आवगमन हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न प्राथमिक्ता दिइनेछ। मूख्य पर्यटकीय समयमा घुम्ती शौचालय संचालनको व्यवस्था मिलाइनेछ।

१३. गाउँमा ठुला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्याकंन अध्ययन गरिनेछ।

१४. हरित शहर निर्माण गर्न वातावरण शिक्षा, वातावरण संग सम्बन्धीत संदेशमुलक सामग्री उत्पादन, प्रचार–प्रसार वातावरणीय सरसफाई, वातावरणमैत्री प्रविद्धिको प्रयोग गर्न प्रोत्साहन गर्न नीति लिईनेछ।

१५. घरपालुवा जनावर तथा पशुपंक्षीलाई जथाभावी सडकमा छाड्न रोक लगाईनेछ।

१६. स्थानीय संघ संस्था क्लबहरु संग सहकार्य गरि हरेक वडामा सम्भव भए सम्म शारिरीक व्यायाम खेलकुद र मनोरंजन गर्ने खालका मैदान एवं पार्क उद्धान निर्माण र संचालन गर्ने नीति लिईनेछ।

१७. वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड प्रतिकुल हुने प्लाष्टिकको झोला प्रयोगमा नल्याउन जनचेतना जगाउने तथा प्लाष्टिक मुक्त बनाउने नीति लिइनेछ।

१८. वातावरणमैत्री स्थानीय शासनको अवधारणाका सुचकहरुलाई कार्यन्वयन गर्दै गाउँलाई वातावरणमैत्री गाउ बनाउने नीति लिईनेछ।

१९. जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२०. कोशी गाउपालिकालाई ग्रीन एण्ड क्लीन गाउको रुपमा स्थापित गर्न सार्वजनिक जमिन, नदी तथा सडक किनारामा बृक्षारोपण गर्ने र एक घर दुई बिरुवाको अभियानलाई टोल विकास संस्थाहरुको जिम्मेवारीमा प्रभावकारी कार्यान्वयन गरि प्रदुषण मुक्त गाँउ बनाउने नीति लिईनेछ।

२१. बन बिउ नरसरी, बगैचा, नीजि पार्क उद्धान तथा व्यवसायिक बन स्थापना गर्नलाई प्रोत्साहित गरिनेछ।

२२. सार्वजनिक परती जग्गाको संरक्षण गर्न वडा समिति र समुदायलाई सहभागीता गराई उत्तरदायी बनाईनेछ।

२३. कोरोना भाइरस, सरुवा रोग, डेंगु, लु तथा शितलहर जस्ता रोगहरुबाट बच्न जनचेतनामुलक कार्यक्रमहरुं प्रचार प्रसारका रुपमा संचालन गरिनेछ र किटजन्य रोगहरु नियन्त्रण गर्न आवश्यकता अनुसार किट नियन्त्रण र नष्ट गरिनेछ।

## वितिय व्यवस्थापन सम्बन्धी

१. गाउँपालिकामा रहेका मर्मत सम्भारकोष, विपत व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरि लक्षीत वर्गको हितमा बढि प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ।

२. राजश्व संकलन लगायतका कार्यहरुहरु कम्प्यूटरको माध्यमबाट संचालन गरि सुचनाप्रविधिमैत्री बनाउन आवश्यक साधन उपलब्ध गराई क्षमता विकासको लागि तालिमकोव्यवस्था मिलाईनेछ।

३. कोशी गाउँपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरि कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरि परिचालन गर्ने नीति लिईनेछ।

४. गाउँपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी समानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेण्टी भएका समानहरु मात्र खरिद गरिनेछ र स्वदेशी उत्पादनलाई प्राथमिकता दिनेछ।

५. कार्यालयमा भएको साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिईनेछ।

६. गाउँपालिका कार्यलयमा र वडा कार्यालयमा हुने बैठक सभा, भेलाहरुलाई मितव्ययितार छरितो बनाईनेछ।

७. कार्यालयको तर्फबाट गरिने भ्रमण कार्यक्रमलाई मितव्ययि र प्रभावकारी बनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न व्यवस्था मिलाईनेछ।

८. यस गाउँपालिकामा भ्रष्टाचार शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिनेछ।

९. गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुमा वित्तिय जोखिम न्युनिकरण गर्नका लागि निर्माण तथा खरिद प्रक्रियाहरुलाई बढि प्रतिस्पर्धात्मक बनाउन विगत देखि प्रयोगमा ल्याईएको विधुतीय टेण्डर (E Tender) लाई अझै प्रभावकारीरुपमा प्रयोग गरिनेछ।

१०. कार्यालयबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खरिद एवं वित्तिय क्रियाकलापसंग सम्बन्धित समिति तथा कार्यदल गठन गर्दा संम्भव भए सम्म पदाधिकारी तथा कर्मचारीहरु दोहोरो नपर्ने गरि राखिनेछ।

११. आन्तरिक लेखा परिक्षण शाखाको स्थापना गरि आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाईनेछ।

१२. हालसम्म व्यवसाय दर्ता गराउन छुट रहेको व्यसायीको लागि आ.व.२०७८/०७९ मा व्यवसाय दर्ता गराउने र ई-रिक्सा (सिटी) दर्ता गराउने लाई दर्ता करमा ५० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।

## सार्वजनिक सेवा एवं सुशासन प्रर्वद्धन

१. महिनामा एक पटक 'जनतासँग अध्यक्ष'कार्यक्रम आगामी आबमा पनि कायमै राखिएको छ। यो कार्यक्रम ८ वटै वडामा र आबस्यकता अनुसार प्रत्येक टोलमा पनि जनताले आफ्नो पिर मर्का तथा गुनासो राख्ने सार्बजनिक सुनवाईका रुपमा संचालन गरिनेछ।

२. वडा कार्यालयहरुबाट प्रबाह हुने सेवामा सर्वसाधारण जनताको पहुँच बृद्धि गरि सेवा प्रबाहलाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिईनेछ।

३. सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरि समाजिक परिक्षण र आयोजना कार्यक्रमहरुमा सार्वजनिक परिक्षण गरिनेछ।

४. गाउँपालिकाको अधिकारीक वेवसाईटलाई नियमित अपडेट गरि नागरीकलाई प्रबाह गर्ने सेवालाई सुचना

प्रविधिमा अधारित बनाउन अभिप्रेरित गरिनेछ।

५. सुचना पहुच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुलाई सुचना प्रविधि संग सम्बन्धित तालिम कार्यक्रम संचालन गरिनेछ।

७. गाउँपालिकामा एउटा व्यवस्थित सुचना केन्द्रको स्थापना गरि संचालन गरिनेछ।

८. गाउँपालिकाको संस्थागत विकास तथा सुशासन जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यक्तानुसार नियम विनियम तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ।

९. सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless Office कार्यालयको रुपमा विकास गर्दै लगिनेछ।

१२. गाउँपालिकाबाट जनप्रतिनिधी तथा कर्मचारीलाई गरिने पत्राचारलाई निरुतसाहित ईलेक्ट्रोनिक प्रणालीको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ।

१३. सेवाग्राही नागरीकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाईनेछ। साथै गाउँपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित बनाईनेछ।

१४. वडा सरकारको अवधारणा अनुसार गाउँवासीका अधिकतम सेवा वडा कार्यालयबाटै उपलब्ध हुने व्यवस्था मिलाईएको छ। सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याईनेछ।

१५. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ।

१६. स्थानीयतहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ।

१७. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री बनाईनेछ।

१८. जिल्ला स्थित कार्यालय, विषयगत कार्यालय, शाखा तथा वडा कार्यालयहरु बीच सहकार्य र सौहार्धताका लागि एक उपयुक्त संयन्त्रको निर्माण गरीनेछ। कर्मचारी र जनप्रतिनिधिबिच हार्दिकतापुर्ण र सौहार्दपुर्ण कामकाजी वाताबरण निर्माण गर्न महिनामा एक पटक हामी सबै हामीसगै अनुभव आदन प्रदानको कार्यक्रम नियमितरुपमा आयोजना गरिनेछ।

१९. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ।

२०. आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिईनेछ।

२१. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राहि प्रति सम्मानपुर्ण व्यवहार गर्न अभिप्रेरित गरिनेछ।

२२. आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाबाट सम्पादित गरिएका सम्पुर्ण गतिविधिहरुलाई वृत्तचित्र बनाई प्रशारण गर्ने गराउने व्यवस्था मिलाईनेछ।

२३. कोशी गाउँपालिकाको दीर्घकालीन सोच **"सुरक्षित र समृद्ध कोशीको आधार, कृषि पर्यटन र दिगो पुर्वाधार"** भन्ने भिजनका साथ आवद्यिक योजना निर्माणको कार्य यसै आ.व.मा सम्पन्न हुने स्थितिमा पुगेको छ र मध्यकालिन खर्च संरचनाको व्यवस्था पनि चालु आ.व. देखि नै सुरुवात गरिएको छ।

## सामाजिक विकास सम्बन्धी

१. कोशी गाउँपालिकालाई भबिष्यमा मानवताको गाउ (Village with Humanity) बनाउनका लागि पुर्ण सरसफाई युक्त, छुवाछुत मुक्त, पुर्ण साक्षारयुक्त, पुर्णखोपयुक्त, घरभित्रको धुवामुक्त, बाल बिबाह मुक्त, दहेज मुक्त जस्ता देहाय बमोजिमका कार्यक्रमहरुलाई अभियानका रुपमा संचालन गरिनेछ।

२. महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. एकल तथा दलित महिलाहरुका हित प्रवर्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ।

४. महिला बालबालिका तथा अन्य लक्षीत वर्गलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकता राखी कार्यान्वयन गरिनेछ।

५. सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत् सचेतीकरण गरिनेछ।

६. गाउँ क्षेत्रमा निर्माण पुर्वाधार  महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति लिईनेछ।

७. कोशी गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँस्तरमा वालक्लब र वालसंजाल गठन गरि बाल सहभागिता अभिबृद्धि गरिनेछ।

८. कोशी गाउँपालिकालाई वालमैत्री गाउँ घोषणाको अवस्थामा पुर्याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

९. नवजात शिशु, बालबालिका गर्भवती तथा सूत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

१०. शिशु जन्मेको३५ दिन भित्र जन्म दर्ता गराउन आउदा शिशु पोषण खर्च वापद रु. १०००। वडा तहबाटै उपलब्ध गराउने ब्यबस्था कायमै राखिनेछ।

११. बैंक मार्फत वितरण भई रहेको सामाजिक सुरक्षा भता सरल र सुबिधाजनकरुपमा उपलब्ध गराउन ध्यान दिईनेछ।

१२. समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भूमिका र योगदानलाई उच्च महत्व दिईनेछ। ज्येष्ठ नागरिकहरुको अवस्था विशेषको आधारमा तथ्यांक व्यवस्थित गरिनेछ।

१३. ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सक्रिय बनाउन “ज्येष्ठ नागरिकः एक वडा एक मिलन केन्द्र” संचालन गरिनेछ। त्यसका लागि सबै वडामा जेष्ठ नागरिकहरुलाई संगठन गरि जेष्ठ नागरिक संजाल निर्माण गरिनेछ।

१४. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ।

१५. अपाङ्गमैत्री ठाउ कोशीगाउँ बनाउनका लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वय गरिनेछ। साथै अपाङताको प्रकृति अनुसारका सहयोगी सामानहरु बितरणगर्न रकम बिनियोजन गरिएको छ।

१६. गाउँपालिकालाई सबै किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ। यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्ब गरिनेछ।

१७. छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म अन्त्रघुलन लगायतका कार्यक्रम संचालन गरिनेछ। जातीय भेदभाव, छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय बनाईनेछ।

१८. यौनिक लैगिंक अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने

कार्यक्रम संचालन गरिनेछ।

१९. युवावर्गहरुको क्षमता अभिवृद्र्विका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यवसायिक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

२०. युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ।

२१. खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझोदारीमा अध्यक्षकप खेलकुदको आयोजना गरिनेछ।

२२. सामुदायिक बिध्यालयमा शिक्षक बिध्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान भइसकेकोले अपुग शिक्षक पालिकाबाट व्यवस्था गरिनेछ ।दरबन्दी अनुसारको शिक्षक व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ। साथै शिक्षक आपुर्ति नभए सम्मका लागि अपुग भएका बिध्यालयमा गाँपालिकाबाट उपलब्ध गराएका शिक्षकहरुलाई आगामी आबमा पनि निरन्तरता दिईनेछ।

२३. अनुभवको आदान प्रदान तथा क्षमता विकासका लागि आबस्यकता अनुसार शिक्षकहरुको गाउँपालिका क्षेत्रभित्र आन्तरिक सरुवा गरिनेछ।

२४. बिद्ययालय जाने उमेर समूहका गाउँका सम्पुर्ण बालबालिकालाई "बिद्यालय भर्ना गराउ र टिकाउ"अभियान संचालन गरि गाउँबाट पुर्ण रुपमा निरक्षरता उन्मुलन गरिनेछ। विद्यालय जाने उमेर पुगेका बाबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाको सुविधाबाट बञ्चित गरिने नीति लिएको छु।

२५. दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयले अनिवार्य रुपमा बच्चालाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्नेछ। खाजा नखुवाउने विद्यालयको दिवा खाजा अनुदान निकाशा रोक्का गरिनेछ। दिवा खाजालाई व्यवस्थित गर्नका लागि सहुलियत मूल्यको पसल सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२६. सामुदायिक विद्यालयलाई गरिने पुर्वाधार सहयोगमा अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री शौचालय निर्माणलाई प्राथमिकता दिईनेछ।

२७. समयको मागमा अनुसार गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयहरुलाई क्रमश अंग्रेजी माध्यममा रुपान्तरण गरिनेछ।

२८. आगामी शैक्षिक शत्र देखि गाउँपालिका क्षेत्रका कम्तिमा दुई वटा माध्यमिक विद्यालयमा कक्षा ११ र १२ को अध्ययन अध्यापन शुरु गरिनेछ। साथै गाउँपालिका स्तरीय एउटा क्याम्पसको स्थापनाका लागि सम्बन्धित निकायमा अनुमति माग गरिनेछ।

२९. गाउँपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा संचालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्न अनिवार्य गरिनेछ। गैरसरकारी संघ–संस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ। कोशीगाउँपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने गै.स.सं.हरुका कार्यक्रम गाउँ विकास योजनामा अनिवार्य समावेश गराउन पहल गरिनेछ।

३०. स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण, विकास र प्रवद्र्धनमा प्रोत्साहन गर्ने नीति लिईनेछ।

३१. गाउँको शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिका विकासमा विशिष्ट योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान गर्ने नीति लिईनेछ।

३२. गाउँपालिकालाई सामाजिक रुपान्तरण गर्न सामाजिक परिचालनको कार्यक्रम संचालन गरिनेछ।

३३. सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनिकरण कार्यक्रमलाई मुलप्रवाहीकरण गरिनेछ।

३४. स्वच्छ खानेपानीमा सम्पूर्ण गाउँवासीको पहुच कायम गर्न अधुरा खानेपानी योजनाहरुलाई सम्पन्न गरि उपयोगमा ल्याईनेछ।

३५. गाउँपालिका क्षेत्रका विपन्न, दलित, अल्पसंख्यक परिवारका किशोर किशोरीको विवाहमाहुने फजुल खर्च घटाईदहेज प्रथा र महिला हिंसा न्यूनिकरण गर्न गाउँपालिकाको तर्फबाट वर्षमा २ पटक (मंसिर र वैशाख) सामुहिक विवाह कार्यक्रम आगामी बर्ष पनि यथावत कायम राखिएको छ। यसका लागि मात्र पन्ध लाख बजेट छुट्याएको छु।

३६. अति सिमान्तकृत वर्गमा पर्ने उरावँ समुदायको सँस्कृति जोगाउनका लागि आवश्यक सामाग्री उपलब्ध गराउने प्रबन्ध मिलाउनेछु।

३७. मुसहर परिवारका कलेजमा अध्ययन गर्ने छात्र छात्राहरुका लागि पालिकाबाट साईकल उपलब्ध गराउन बजेट रु चारलाख बजेट छुट्याएको छु।

## जन स्वास्थ्य प्रबद्र्धन सम्बन्धी

१. कोशी गाउँपालिकालाई स्वास्थ्य सेवा मैत्री केन्द्रको रुपमा विकास गर्न यस क्षेत्रमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ  निःशुल्क आधारभुत स्वास्थ्य सेवा सबै नागरिकको पहुचमा पुर्याईनेछ।

२. महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।

३. स्वंयम सेविकाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन प्रत्येक स्वंयम सेविकालाई प्रदान गरिदै आएको मासिक रु.१५००। खाजा खर्चलाई आगामी आबमा पनि यथावत कायम गरिएको छ।

४. आ.व. ०७८/७९ भित्र कोशी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।

५. उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई स्वच्छ खाद्यान्न किन्न पाउने उपभोक्ताको अधिकार सुनिश्चत गरिनेछ।

६. जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ। ८० वर्ष भन्दामाथिका जेष्ठ नागरिकहरुको घरमै स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउन प्रयत्न गरिनेछ।

७. मोतियाबिन्दु तथा रतन्धो आँखा रोग भएका ब्यक्तीहरुलाई आँखा उपचार तथा अप्रेशन खर्च बापत अप्रेशन पश्चात रु.२५००/  (दुई हजार पाँच सय) उपलब्ध गराउने व्यवस्थालाई अगामी वर्ष ३००० कायम राखिनेछ।

**आदरणीय महानुभावहरु,**

अब म मैले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट बिनियोजन  र श्रोत ब्यबस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

क) आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयनगर्न सामाजिक सुरक्षा बाहेक रु. ४८ करोड २ लाख ७३ हजारको कुल बजेट तर्जुमा गरेको छु र यस मध्ये चालु खर्च तर्फ रु २५ करोड ५० लाख ७३ हजार र पूँजीगत खर्च तर्फ रु २२ करोड ५२ लाख खर्चको अनुमान पेश गरेको छु

(ख) सामाजिक सुरक्षा भत्ता तर्फ खर्च हुने ९ करोड ५० लाखको छुटै अनुमान प्रस्तुत गरेको छु।

(ग) आगामी बर्षका लागि माथि अनुमान गरिएको खर्च बेहोर्ने श्रोतहरु मध्ये निम्नानुसारको श्रोतबाट निम्नानुसार बजेट

प्राप्त हुने अनुमान पेस गरेको छु ।

| | | |
|---|---|---|
| १. | संघीय सरकार बितिय सामानीकरण | रु.१४,२१,००,०००। (चौध करोड एक्काईस लाख) |
| २. | संघीय सरकार राजश्व बाँडफाड | रु.९,०९,०३,०००। (नौ करोड नौ लाख तीनहजार) |
| ३. | संघीय सरकार शशर्त संचालन अनुदान | रु. १६,९०,००,०००। (सोह्र करोड नब्बे लाख) |
| ४. | संघिय सरकार सशर्त पुँजीगत | रु १,६७,00,000। (एक करोड सठसठी लाख) |
| ५. | प्रदेश सरकार बितिय सामानिकरण | रु. ८२,६०,०००। (बयासी लाख साठी अजार) |
| ६. | प्रदेश राजश्व सवारी साधन कर | रु. ४४,९२,०००। (चवालीस लाख बयानब्बे हजार) |
| ७. | प्रदेश शसर्त अनुदान | रु २३,१८०००। (तेईस लाख अठार हजार) |
| ८. | प्रदेश समपुरक अनुदान | रु १,००,००,०००। (एक करोड) |
| ९. | सडक बोर्ड | रु २०,००,०००। (बीस लाख) |
| १०. | बन रोयल्टी | रु १5०००००। (पन्ध्र लाख) |
| ११. | करुणा फाउन्डेशन | रु ४४०००००। (चवालीस लाख) |
| १२. | आन्तरिक आम्दानी | रु. १,७५,००,०००। (एक करोड पचहतर लाख) |
| १३. | मालपोत रजिष्ट्रेशन | रु. ५३,00,000। ( त्रिपन्न लाख) |
| १४. | प्रदेश प्रशिक्षण केन्द्र क्षमता बिकास | रु ३०००००। (तीन लाख) |
| १५. | संचितकोष मौज्दात | रु. ५५,००,०००। (पचपन्न लाख) |
| | | **जम्मा ४८, करोड २ लाख ७३ हजार ।** |

**आदरणिय महानुभाबहरु,**

आर्थिक बर्ष २०७६।७७ को बास्तबिक खर्च, आर्थिक बर्ष २०७७।७८ को संशोधित अनुमान र आगामी आ.ब.२०७८।७९ को अनुमानित आय ब्ययको बिबरण अनुसूचिहरुमा उल्लेख गरि प्रस्तुत गरेकोछु। मैले प्रस्तुत गरेको गाउपालिकाको नीति कार्यक्रम बजेटबाट कोरोना भाईरस (कोभिड) रोगथाम र नियन्त्रणमा सहयोग पुग्नुका साथै कोशी गाउबासी जनताको आर्थिक सामाजिक अवस्थामा परिबर्तन आउने, भौतिक बिकासले फड्को मार्ने र राजश्व संकलनमा उल्लेखनिय बृद्धि हुनुका साथै सेवा प्रबाहमा सुधार भई जनतामा सुशासनको अनुभुति हुने बिश्वास लिएको छु।

अन्तमा, यो बार्षिक नीति कार्यक्रम तथा बजेट निर्माण गर्न महत्वपुर्ण सहयोग गर्नु हुने उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकिय अधिकृत लगायत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु,राजश्व परामर्श समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु, गाँउसभा सदस्य ज्युहरु, गाँउपालिकाका सम्पुर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

तेसैगरी हाम्रो आमन्त्रणलाई स्वीकार गरेर महत्वपुर्ण सल्लाह सुझाबका लागि उपस्थित हुनु भएका हाम्रा प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि र सम्पुर्ण कोशी गाँबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु र आगामी आर्थिक बर्षका लागि पेस भएको बजेट नीति कार्यक्रम र यसैसंग सम्बन्धित आर्थिक बिधेयक, बिनियोजन बिध्येक उपर सघन छलफल गरि पारित गरिदिनु हुनेछ भन्ने बिश्वासकासाथ बिदा चाहन्छु।

**धन्यबाद !!**

असार ९, २०७८

**ऐयुब अंसारी**

**अध्यक्ष**

*गाउँसभाबाट पारित मिति : २०७७/०३/१६*

# कोशी गाउँपालिकाको आर्थिक ऐन, २०७८

## २०७८ सालको ऐन नं. १.

**प्रस्तावनाः** कोशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कोशी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "आर्थिक ऐन २०७८" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि कोशी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१)बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घर जग्गाबहाल कर** : गाउँपीलका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

५. **व्यबसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसायवा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि(५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भईसो कानूनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भईसो कानूनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि(८)बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भईसो कानूनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहालबिटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल

उपर गरिनेछ।

११. **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **सेवाशुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **पर्यटनप्रवेश शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेकाउद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूचि १२ मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्कलगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भईसो कानूनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. **विविध कर दस्तुर** : (१) दफा २ देखि १४ सम्म उल्लेख भए देखि बाहेक अन्य कर वा दस्तुर असुल उपर गर्नु परेमा राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम कार्यपालिकाले निर्णय गरी  कर दस्तुर वा शुल्क उठाएमा यसै ऐन बमोजिम भए गरेको मानिने छ। यस्ता कर दस्तुर वा शुल्कलाई अनुसूचिमा व्यवस्थित गर्दै लगिने छ।

१५. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई गाउकार्यपालिकाको  निर्णय बेगर कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथाशुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

अनुसूचि १

(दफा २ संग सम्बन्धित)

## आ.ब.२०७८/७९ लागि सम्पति करको दर

| मूल्यांकन रकम रु. | वार्षिक कर रकम रु. | रु. |
|---|---|---|
| १ देखि | २ लाखसम्म | ५०। |
| २ लाख १ देखि | ४ लाखसम्म | ८०। |
| ४ लाख १ देखि | ६ लाखसम्म | १००। |
| ६ लाख १ देखि | ८ लाखसम्म | १२५। |
| ८ लाख १ देखि | १० लाखसम्म | १५०। |
| १० लाख १ देखि | १२ लाख ५० हजारसम्म | १७५। |
| १२ लाख ५० हजार १ देखि | १५ लाखसम्म | २००। |
| १५ लाख १ देखि | १७ लाख ५९ हजारसम्म | २२५। |
| १७ लाख ५० हजार १ देखि | २० लाखसम्म | २५०। |
| २० लाख १ देखि | २२ लाख ५० हजारसम्म | २७५। |
| २२ लाख ५० हजार १ देखि | २५ लाखसम्म | ३००। |
| २५ लाख १ देखि | २७ लाख ५० हजारसम्म | ३२५। |
| २७ लाख ५० हजार १ देखि | ३० लाखसम्म | ३५०। |
| ३० लाख १ देखि | ३५ लाखसम्म | ३७५। |
| ३५ लाख १ देखि | ४० लाखसम्म | ४००। |
| ४० लाख १ देखि | ४५ लाखसम्म | ५००। |
| ४५ लाख १ देखि | ५० लाखसम्म | १०००। |
| ५० लाख १ देखि | ६० लाखसम्म | १५००। |
| ६० लाख १ देखि | ७० लाखसम्म | २०००। |
| ७० लाख १ देखि | ८० लाखसम्म | २५००। |
| ८० लाख १ देखि | १ करोडसम्म | ३०००। |
| १ करोड १ देखि | माथिको मूल्याङ्कन | प्रति हजार रु.१ थप |

## संरचनाको मुल्यांकन

(अनुसूचि, १ बमोजिम सम्पति कर लिने प्रयोजनका लागि संरचनाको मुल्यांकन)

(प्रति ब.फि.)

| संरचनाप्रतिवर्ग फिट रु. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा आ.सि.सि.छाना | | माटोको जोडाईमा आर.सि.सि.वा सिमेण्ट जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा जस्ता वा छायलको छाना | | सेड | |
| | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास |
| व्यापारिक क्षेत्र | २००० | १५०० | १५०० | १२०० | ९०० | ६०० | ४०० | ३०० | २०० | १५० |
| आवासीय क्षेत्र | १७०० | १२०० | १२०० | १००० | ८०० | ६०० | ४०० | ३०० | २०० | १५० |
| कृषि क्षेत्र | ७०० | ६०० | ५०० | ५०० | ४०० | ३०० | ३०० | ३०० | २०० | १५० |
| वन तथा वगर क्षेत्र | ५०० | ४०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | २०० | १५० |
| **कच्ची घर एकमुष्ट रु.५०००।** | | | | | | | | | | |

## सम्पत्ति कर लिने प्रयोजनका लागि संरचनाको ह्रास कट्टी दर (प्रतिशतमा)।

| संरचनाको आयु | संरचनाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | आर.सि.सि फ्रेम स्टक्चर | सिमेन्ट जोडाईमा आर.सि.सि.छाना | माटोको जोडाईमा आर.सि.सि. वा सिमेन्ट जोडाईमा जस्ता, टायलको छाना | माटोको जोडाईमा जस्ता, टायलको छाना | सेड वा कच्ची घर |
| १-३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८-२१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |

**अनुसूचि २**

(दफा, ३ सँग सम्बन्धित )

## भूमिकर (मालपोत) लिनेप्रयोजनका लागि जग्गाको मुल्यांकन

(१) **साबिक लौकहीको**

| क्र.स. | जग्गाको अवस्थिती | प्रति कठ्ठा रु. |
|---|---|---|
| क | साविक वडा नं. ४,५ र ६ को राजमार्गसँग जोडिएका जग्गाहरु | २० लाख |
| ख | साविक वडा नं. ४,५ र ६ का भित्री पीचसँग जोडिएका जग्गाहरु | १० लाख |
| ग | लौकहीको सबै ग्राभेल सडकसँग जोडिएका जग्गाहरु | ५ लाख |
| घ | माथि लेखिए देखि बाहेक अन्य खेतीयोग्य जग्गाहरु | १ लाख |

(२) **साबिक प.कुशाहाको**

| क्र.स. | जग्गाको अवस्थिती | प्रति कठ्ठा रु. |
|---|---|---|
| क | साविक वडा नं. ३,७,९ को राजमार्गसँग जोडिएका जग्गाहरु | ८ लाख |
| ख | साविक वडा नं. १,२,३,४,५,६,७ र ९ का भित्री पिचपीचसँग जोडिएका जग्गा | ५ लाख |
| ग | प.कुशाहाको सबै ग्राभेल सडकसँग जोडिएका जग्गाहरु | २ लाख |
| घ | माथि लेखिएका बाहेक प.कुशाहाको अन्य, खेती योग्य जग्गाहरु | ७० हजार |

(३) **साबिक श्री पुरजब्दी**

| क्र.स. | जग्गाको अवस्थिती | प्रति कठ्ठा रु. |
|---|---|---|
| क | साविक वडा नं. ८ र ९ को राजमार्गसँग जोडिएका जग्गाहरु | ५ लाख |
| ख | साविक वडा नं.८ का भित्री पीचसँग जोडिएका जग्गाहरु | २ लाख |
| ग | साविक वडा नं.१,२,३,४ र ६ ग्राभेल सडकसँग जोडिएका जग्गाहरु | १ लाख |
| घ | माथि लेखिएका बाहेक श्रीपुरको अन्य, खेती योग्य जग्गाहरु | ५० हजार |

(४) **साबिक हरिपुर**

| क्र.स. | जग्गाको अवस्थिती | प्रति कठ्ठा रु. |
|---|---|---|
| क | साविक वडा नं. ८ र ९ को राजमार्गसँग जोडिएका जग्गाहरु | १५ लाख |
| ख | राजमार्गमा छुने अन्य जग्गाहरु | ३ लाख |
| ग | हरिपुरको सबै ग्राभेल सडकसँग जोडिएका जग्गाहरु | १ लाख ५० हजार |
| घ | माथि लेखिएका बाहेक हरिपुरको अन्य, खेती योग्य जग्गाहरु | ५० हजार |

**नोट :** अनुसूची (२) बमोजिमको जग्गाको मुल्याङ्कनमा अनुसुचि (१) बमोजिमको दरमा भूमिकर (मालपोत) लिईनेछ।

**अनुसूचि ३**
**(दफा, ४ सँग सम्बन्धित )**

## घर बहाल कर

| क्र.स. | विवरण | करको दर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १ | बहाल भुक्तानी रकममा (जतिसुकै भएपनि) | १० | |

**अनुसूचि ४**
**(दफा, ५ सँग सम्बन्धित)**

## व्यवसाय करको विवरण

१. **व्यापारीक बस्तुहरु**

(क) चुरोट तथा रक्सी जन्य पदार्थ,हार्डवेयर र ज्वेलर्स संग सम्बन्धित बस्तुहरुको व्यापार व्यवसाय (मदिरा र कोल्ड ड्रिङ्स सहितको किराना पसल समेत):

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाखदेखि ५ लाखसम्म | ५००। | ५००। |
| २ | ५ लाखदेखि १५ लाखसम्म | ८००। | ८००। |

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| ३ | १५ लाखदेखि १ करोडसम्म | १५००। | १५००। |
| ४ | १ करोडदेखि ५ करोडसम्म | ५१००। | ५१००। |
| ५ | ५ करोडदेखि माथि | १००००। | १००००। |

(ख) क्यामेरा, टेलिभिजन, चस्मा लगायतका विद्युतिय सामाग्री सिडीप्लेयर्स, कम्प्युटर सामाग्री समेतका व्यवसायहरु :

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | ५ लाखसम्म | ५००। | ५००। |
| २ | ५ लाख १ देखि २० लाखसम्म | ८००। | ८००। |
| ३ | २० लाख १ देखि १ करोडसम्म | १५००। | १५००। |
| ४ | १ करोड १ देखि ५ करोडसम्म | ४५००। | ४५००। |
| ५ | ५ करोड १ देखिमाथि | ७०००। | ७०००। |

(ग) ट्र्याक्टर विक्री, कार जीप, अटोमोवाइल्स, मोटरपार्टस, मोटरसाईकल, मिल, मेशिनरी, आदि ।

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाखसम्म | ५००। | ५००। |
| २ | १ लाख १ देखि५ लाखसम्म | ८००। | ८००। |
| ३ | ५ लाख १देखि १० लाखसम्म | १३००। | १३००। |
| ४ | १० लाख १देखि २०लाखसम्म | २५००। | २५००। |
| ५ | २० लाख १देखि १ करोडसम्म | ३६००। | ३६००। |
| ६ | १ करोड १ देखिमाथि | ६०००। | ६०००। |

(घ) किताव, कापी तथा स्टेशनरीसंग सम्बन्धित व्यवसाय (औषधीपसल र किराना व्यवसाय समेतको हकमा) ।

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामीआर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | ५० हजारसम्म | ३००। | ३००। |
| २ | ५० हजार १ देखि १ लाखसम्म | ५००। | ५००। |
| ३ | १ लाख १ देखि ३लाखसम्म | ७००। | ७००। |
| ४ | ३ लाख १देखि ५ लाखसम्म | ११००। | ११००। |
| ५ | ५लाख १देखि २० लाखसम्म | १५००। | १५००। |
| ६ | २० लाख १ देखि २५ लाखसम्म | २५००। | २५००। |
| ७ | २५ लाख १ देखिमाथि | ४५०० । | ४५००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा (कृषिफर्म, गाई पालन ,सुंगुर पालन बाख्रा पालन व्यवसाय आदि (कृषिसामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर, कुखुरा दाना, पशुपंक्षी आहार) ।

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाखसम्म | ३००। | ३००। |
| २ | १ लाख देखि ३ लाखसम्म | ५००। | ५००। |
| ३ | ३ लाख देखि ५लाखसम्म | ९००। | ९००। |
| ४ | ५लाख देखि २०लाखसम्म | १५००। | १५००। |
| ५ | २० लाख देखि माथि | ३०००। | ३०००। |

(च) शिसा, फ्रेमिङ, कार्पेट तथा सजावट सामान र जनरल गुड्स आदि :

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाखसम्म | ५००। | ५००। |
| २ | १ लाख १ देखि ५ लाखसम्म | ७००। | ७००। |
| ३ | ५ लाख १देखि १० लाखसम्म | १२००। | १२००। |
| ४ | १० लाख १ देखि २० लाखसम्म | २०००। | २०००। |
| ५ | २० लाख देखिमाथि | ४०००। | ४०००। |

(छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय :

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाख देखि ३ लाखसम्म | ३००। | ३००। |
| २ | ३ लाख १ देखि ५ लाखसम्म | ५००। | ५००। |
| ३ | ५ लाख १ देखि १५लाखसम्म | ८००। | ८००। |
| ४ | १५ लाख देखि ३० लाखसम्म | १२००। | १२००। |
| ५ | ३० लाख १ देखि १ करोडसम्म | २५००। | २५००। |
| ६ | १ करोड देखि ५ करोडसम्म | ४५००। | ४५००। |
| ७ | ५ करोड देखि माथि | ७००० । | ७०००। |

## २. विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा:

(क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आर्युवेदिक, पशु डाक्टर, भेटनरी, सर्जिकल, लगायत, स्वास्थ्यसंग सम्बन्धित व्यवसायहरुः

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | एम.डी.डाक्टर, डी.डाक्टरलाई | २०००। | २०००। |
| २ | एम.वि.वि.एस पशु डाक्टर | १०००। | १०००। |
| ३ | पशु सहायकलाई | ५००। | ५००। |
| ४ | कविराज, होमियोपेथिक, आर्युवेदिक डाक्टर | १०००। | १०००। |
| ५ | सर्जिकल सामान खुद्रालाई | १०००। | १०००। |

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| ६ | औषधी पसल थोकलाई | ३०००। | ३०००। |
| ७ | सर्जिकल सामान थोक | ३०००। | ३०००। |
| ८ | भिडीयो एक्सरे | २०००। | २०००। |
| ९ | कविराज, होमियोपेथिक, आर्युवेदिक अ.हे.ब. | १०००। | १०००। |
| १० | शारिरिक ब्यायाम सामाग्री बिक्री | १०००। | १०००। |

(ख) टेली-चलचित्र, वृत्तचित्र निर्माण, परामर्श सेवा, अनुसन्धान तथा परामर्शदाता, अनुवादन छापाखाना, प्रेस स्क्रिन प्रिन्टर्स आदि :

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामीआर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाख देखि ३ लाखसम्म | ५००। | ५००। |
| २ | ३ लाख १ देखि ५ लाखसम्म | ८००। | ८००। |
| ३ | ५ लाख १ देखि १५ लाखसम्म | १५००। | १५००। |
| ४ | १५ लाखदेखि २० लाखसम्म | २५००। | २५००। |
| ५ | १ करोड देखि ५ करोडसम्म | ४०००। | ४०००। |
| ६ | ५ करोड देखिमाथि | ७००० । | ७०००। |

(ग) केवल नेटवर्क

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | ५०० सम्म ग्राहाक भएको | ३०००। | ४०००। |
| २ | ५०० देखि १००० सम्म ग्राहाक भएको | ६०००। | ८०००। |
| ३ | १००० भन्दा माथि ग्राहक भएको हकमा | प्रति ग्राहाक रु २। | प्रति ग्राहकहरु रु २। |

(घ) **कानुन ब्यवसायी**

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | अगामी आ.ब.का लागि |
|---|---|---|---|
| १ | श्रेणी क | २०००। | २०००। |
| २ | श्रीणी ख | १५००। | १५००। |
| ३ | श्रीणी ग | ८००। | ८००। |
| ४ | श्रीणी घ | ४००। | ४००। |

(ङ) लेखापरिक्षकः

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | बरिष्ठ अधिवक्ता | २०००। | २०००। |
| २ | अधिवक्ता | १५००। | १५००। |
| ३ | अभिवक्ता | १०००। | १०००। |
| ४ | लेखापढीव्यवसाय | ८००। | ८००। |

(च) घरनक्सा बनाउने ईन्जिनियर कन्सलटेन्सी

| सि.नं. | विषय विवरण | चालु आ.व. को दर | अगामी आ.व.का लागि | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसाय दर्ता/नवीकरण शुल्क | १०,०००। | ५,०००। | |
| २ | कन्सलटेन्सी नवीकरण | १०००। | १०००। | |

(छ) अन्य सेवाहरु वा फर्मः

| सि. नं. | विवरण | प्रस्तावित रकम रु (बार्षिक) | सि. नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|---|---|---|
| १ | बिमा एजेन्ट स्वदेस बिदेश | ३०००। | ४ | सेयर दलाल | ३०००। | ३०००। |
| २ | बिमा एजेन्ट स्वदेशी | २०००। | ५ | अभिकर्ता | ५००। | ५००। |
| ३ | बिज्ञापन एजेन्ट | २०००। | ६ | कानुनीफर्म | २०००। | २०००। |

(ज) निर्माण व्यवसायः

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | श्रेणी, क, | ३०००। | ५०००। |
| २ | श्रेणी, ख, | २०००। | ३०००। |
| ३ | श्रेणी, ग, | १५००। | २५००। |
| ४ | श्रेणी, घ, | १०००। | १५००। |

(झ) कुटानी पिसानी व्यवसायहरुको हकमा :

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | कुटानी तथा पिसानी मात्र | ३००। | ३००। |
| २ | कुटानी  पिसानी पेलानी | ५००। | ५००। |
| ३ | कुटानी  पिसानी पेलानी चिउरा समेत | १०००। | १०००। |
| ४ | कुटानी  पिसानी पेलानी चिउरा मसला बेसार | १५००। | १५००। |
| ५ | कुटानी  पिसानी पेलानी तथा विक्री वितरण | २०००। | २०००। |

(ञ) उत्पादनमुलक उद्योगः

अर्ध प्रशोधित माल वा खेर गईरहेको माल माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामा उत्पादन गर्ने व्यवसाय जस्तोः खेर गईरहेको पलाष्टिकबाट सामान निर्माण गर्ने र फोहोरबाट मल निमार्ण गर्ने व्यवसायको हकमा मा व्यवसायको लगानी हेरी रु. २०००। देखि रु. १०,०००। सम्म लिईने छ।

(ट) पर्यटन सेवा व्यवसाय :

आवास लज होटेल फास्टफूड रेष्टूरा रिसोर्ट, ट्राभल्स एजेन्सी स्वीमिङ पुल कन्फ्रेन्स हल आदि

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | सानो ग्रामीण स्तरको चिया पसल वा ५० हजारसम्म लगानी भएको होटल | ३००। | ३००। |
| २ | ५० हजार देखि १ लाखसम्म | १०००। | १०००। |

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| ३ | १ लाख देखि २ लाखसम्मको | १५००। | १५००। |
| ४ | २ लाख देखि ५ लाखसम्मको | २०००। | २०००। |
| ५ | ५ लाख देखि २० लाखसम्म | ३०००। | ३०००। |
| ६ | २० लाख भन्दा बढी | ३५००। | ३५००। |
| ७ | रिसोर्टहरुको हकमा | ००० | ५०००। |

(ठ) संचार सेवा एफ.एम. समेत

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | १ लाखसम्म | १,०००।०० | १,०००।०० |
| २ | १ लाख देखि २ लाख ५० हजारसम्म | १,५००।०० | १,५००।०० |
| ३ | २ लाख ५० हजार भन्दा माथि | २,०००।०० | २,०००।०० |
| ४ | एफ.एम.रेडियो प्रसारण | ४,५००।०० | ४,५००।०० |

- मोवाईल टावर ठुलो रु. १५०००। (वार्षिक) सानोको हकमा १०,०००।-
- ठुलो टावर भन्नाले घरको छतमा राखिएका टावरहरुलाई जनाउने छ भने दुई तल्ले घरसम्मको उचाईभएका जमिनमा राखिएका टावरहरुलाई समेत ठुलो टावरको रुपमा लिईने छ।

## ३. वित्तीय सेवा

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | निजी क्षेत्रद्वारा संचालित वाणिज्य बैंक, विदेशी विमा कम्पनी | १०,०००। | १०,०००। |
| २ | विकास बैंक, | ७,०००। | ७,०००। |
| ३ | वित्तीय कम्पनीको मुख्य कार्यालय | ५,०००। | ५,०००। |
| ४ | विमा कम्पनी र मनि ट्रान्सफर | ३,०००। | ३,०००। |
| ५ | ५० लाखसम्म कारोवार(वासालत) भएका सहकारी | १०००। | ५००। |
| ६ | ५० लाख देखि १ करोड कारोवार (वासलात) भएका सहकारी | १०००। | १०००। |
| ७ | १ करोड देखि ३ करोडसम्म (वासालत) भएका सहकारी | १,२००। | १,२००। |
| ८ | ३ करोड देखि ५ करोडसम्म (वासालत) भएका सहकारी | १,५००। | १,५००। |
| ९ | ५ करोड भन्दा माथि (वासालत) भएका सहकारी | २,०००। | २,०००। |

**नोट :** वचत तथा ऋणको कारोवार नगरी पूर्णत कृषिमा आधारित सहकारीका हकमा वार्षिक शुल्क लिइने

छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारिस गर्नु पर्ने भएमा प्रति सहकारी रु. १,०००। लाग्नेछ ।

## ४. स्वास्थ्य सेवा

गैह्र सरकारी अस्पताल, नरसिंह होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवासंग सम्बन्धित व्यवसायहरुः

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | ५ लाखसम्मको लागि | १,०००। | १,०००। |
| २ | ५ लाख देखि २० लाखसम्म | २,५००। | २,५००। |
| ३ | २० लाख देखि १ करोडसम्म | ४,०००। | ४,०००। |
| ४ | १ करोड देखि ५ करोडसम्म | ६,०००। | ६,०००। |
| ५ | ५ करोड देखि माथि | ७,५००। | ७,५००। |

## ५. तालिम तथा प्रशिक्षण केन्द्रहरु

| सि. नं. | विवरण | चालु आ.व. को दर | अगामी आ.व. को लागि |
|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान, कम्प्यूटर टाईपिङ्ग लगायत फोटो कपी समेत संचालन भई काम गर्नेहरुको हकमा, कम्प्यूटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्रबाट दिईने शिक्षा सेवा तथा कोचिङ सेन्टर आदि । | १,०००। | १,०००। |

## ६. मर्मत सेवा

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | अगामी आ.व. को लागि |
|---|---|---|---|
| १ | टेक्टर, बस, ट्रक, हेवी इक्युवमेन्टल, कार, जीप, सवारी डेन्टिङ्ग मोटर पार्टस, मिल-मेशीनरी, एयरकुलर, टायर रिसोलिङ्ग, डाईनामाइट | १,०००। | १,०००। |
| २ | मोटरसाईकल इ-साईकल | ७,००। | ७,००। |
| ३ | रेडियो, घडी र टिभी आदी इलेक्टोनिक सामान | ५००। | ५००। |
| ४ | ग्यासचुल्हो सेल्स, गाडीको पम्प, टायरटयुव पम्चर, ग्याँस वल्डिङ्ग, वक्सा मर्मत गर्ने, साइकल, रिक्सा, लुगा सिउने मेशिन अन्य बक्सा मर्मत गर्ने , साईकल, रिक्सा, लुगा सिलाउने मेशिन अन्यफोटोकपी, ब्याग | ४००। | ४००। |

## ७. अन्य सेवा

| सि. नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | वैदेशिक रोजगारीमा पठाउने संस्था, हाउजिङ कम्पनी | ३,०००। | ३,०००। |
| २ | उद्योग संघ संस्था आदीमा स्वदेशी जनशक्ति सप्लाई गर्न | १,५००। | १,५००। |
| ३ | कलर ल्याव | १,०००। | १,०००। |
| ४ | घरजग्गा खरिद विक्री | ५,०००। | ५,०००। |
| ५ | विज्ञापन सेवा, फोटो स्टूडियो | १,०००। | १,०००। |
| ६ | व्यूटी पार्लर, केश श्रृगार, सानबोर्डस पेन्टिङ सैलुन, नर्सरी | ५००। | ५००। |
| ७ | मासु(खसी, कुखुरा, रागा, बंगुर, आदि) खुद्रा विक्रेता | ६००। | ६००। |
| ८ | मासु(खसी, कुखुरा, रागा, बंगुर, आदि)थोक विक्रेता | १,५००। | १,५००। |
| ९ | पंचेवाजा | निःशुल्क | निःशुल्क |
| १० | वैण्ड वाजा | १०००। | १०००। |
| ११ | सितभण्डार | ३,५००। | ३,५००। |
| १२ | टेण्ड हाउस | १,०००। | १,०००। |
| १३ | हाफ क्याटरीङ | १,०००। | १,०००। |
| १४ | साईवर क्याफे | १,५००। | १,५००। |
| १५ | एग्रोभेट | ८००। | ८००। |
| १६ | कवाडी पसल थोक | ३,५००। | ३,५००। |
| १७ | कवाडी पसल खुद्रा | २,०००। | २,०००। |
| १८ | ढुवानी सेवा शाखा भएका | २,५००। | २,५००। |
| १९ | ढुवानी सेवा शाखा नभएको | १,५००। | १,५००। |
| २० | खाना मात्र विक्री होटल | १,०००। | १,०००। |
| २१ | सेटरीङ व्यवसाय | २,०००। | २,०००। |
| २२ | १मेसिन राखी कपडा सिलाई गर्ने रु.३,००। | थप १ मेसिन बराबर रु. १००। | थप १ मेसिन बराबर रु. १००। |
| २३ | खाद्यान्न सम्बन्धि कांटा व्यवसाय | १,५००। | १,५००। |
| २४ | पेट्रोलियम पदार्थ बेच्ने पम्प | न्यनतम रु. ७,०००।प्रति मेसिन थप रु. २,०००। | न्यनतम रु. ७,०००।प्रति मेसिन थप रु. २,०००। |
| २५ | ग्यास विक्री डिलर | १,०००। | १,०००। |
| २६ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत खुद्रा विक्रेता | १,०००। | १,०००। |
| २७ | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत थोक विक्रेता | २,०००। | २,०००। |
| २८ | डिपार्टमेन्ट स्टोर रेष्टुरेन्ट बेकरी सहितको | १०,०००। | १०,०००। |
|  | डिपार्टमेन्ट स्टोर | ५,०००। | ५,०००। |

## ८. उद्योग :

चक उद्योग, दाना, फिनेल उद्योग, निर उद्योग, औषधी उद्योग, उत्पादनमूलक उद्योगको डिपो, सौर्य उर्जा उत्पादन, मिश्री, चकलेट उद्योग, पापड चिप्स उद्योग, पाउरोटी उद्योग, बराफ उत्पादन, भ्रुल तथा पर्दा उत्पादन तार जाली उत्पादन गर्ने, नानोकन उद्योग, काष्ठ उद्योग, डेरी उत्पादन, चिनी उद्योग, डोरी, डब्बा, वाल्टीन आदी बनाउने उद्यो ग, निर्माण उद्यो, खनिज उद्योग, सेलर तथा उर्जामूलक उद्योग लगायतका उद्योगहरुको हकमा ।

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको लागि |
|---|---|---|---|
| १ | ३ लाखसम्म | ५००। | ५००। |
| २ | ३ लाख १ देखि ५ लाखसम्म | १,०००। | १,०००। |
| ३ | ५ लाख १ देखि १० लाखसम्म | १,५००। | १,५००। |
| ४ | १० लाख १ देखि २० लाखसम्म | २,०००। | २,०००। |
| ५ | २० लाख १ देखि १ करोडसम्म | ५,०००। | ५,०००। |
| ६ | १ करोड १ देखि ५ करोडसम्म | १५,०००। | १५,०००। |
| ७ | ५ करोड देखि माथि | ३५,०००। | ३५,०००। |

## ९. ग्रिल उधोग

| सि.नं. | विवरण | चालु आर्थिक बर्षको दर | अगामी आर्थिक बर्षको लागि |
|---|---|---|---|
| १. | १ लाख देखि २ लाखसम्म | ७००। | ७००। |
| २. | २ लाख १ देखि ३ लाखसम्म | १०००। | १०००। |
| ३. | ३ लाख १ देखि ५ लाखसम्म | १५००। | १५००। |
| ४. | ५ लाख १ देखि १० लाखसम्म | २,०००। | २,०००। |
| ५. | १० लाख १ देखि २० विस लाखसम्म | ३,५००। | ३,५००। |
| ६. | २० लाख १ देखि माथि | ५,५०० | ५,५००। |

**नोट :** उल्लेखित व्यवसायको हकमा अन्य निकायलाई गरिने सिफारिसमा तोकिएबमोजिम थप दस्तुर थप लागने छ ।

## १०. अन्य वर्गीकरण नखुलेका व्यवसाय

| सि.नं. | विवरण | चालु आ.ब.को दर | अगामी आ.ब. को लागि |
|---|---|---|---|
| १. | आलु, प्याज,हरियो तरकारी, फलफुल थोक विक्री | १,०००। | १,०००। |
| २. | खुद्रा तरकारी, फलफुल, पानपसल | ६००। | ६००। |

**नोटः**

१. माथि उल्लेखित किसिम र शिर्षकमा नपरेका व्यवसाय र उधोग दर्ता हून आएमा व्यवसाय र उधोगको किसिम हेरी माथि लेखिए बमोजिमको कर दरमा नघटने गरी बार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईने छ ।

२. गाउँपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल उधोग आदीलाई बन्द गर्नु पर्दा आवश्यकता अनुसार निरीक्षण गरी विगत वर्षको लाग्ने दस्तुर र जरीवाना समेत असुल गरी सोको विवरण छुट्टै

फायल खडा गरी अध्यावधिक गरी राखिने छ।

३. व्यवसयिक फर्म नामसारी गर्दा रु. ३००। राजश्व लिई नामसारी गरीनेछ।

४. गाउँपालिकालाई आवश्यक परेमा व्यवसायको किसिम निर्धाण गर्ने सन्दर्भमा निजको व्यवसायको कारोवारको आन्तरिक राजश्व कार्यालय बाट कारोबार प्रमाणित विवरण माग गर्न सकिने छ साथै गाउँपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरी प्रतिवेदनका आधारमा कर तय गरीने छ।

५. गाँउपालिकालाई बुझाउनु पर्ने राजश्व, शुल्क दै-दस्तुरनबुझाएमा गाउँपालिकाबाट प्रदान गरीने सिफारीस लगायतका सबै प्रकारका सेवा रोक्का गर्न सकिनेछ।

६. अन्य बाँकी करहरुका हकमाऐन तथा नियमावलीमा तोकिएको परिधि भित्ररही गाउँपालिकाले तोके बमोजिम हुनेछ, जुन सामान्यतया कारोवारको स्तर हेरी वर्षिक रु. १००। देखि रु. ५०००। सम्म हुनेछ। बक्यौता व्यवसाय करमा १० प्रतिशत दण्डजरीमाना तोकिएको छ।

## ११. दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजार (व्यवसाय) कर :

गाँउपालिका आफ्नो क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजारमा तथा अस्थायी हाटबजार र घुम्ती पसल आदीमा प्रतिदिन देहायकादरले कर लाग्नेछ।

| सि.नं. | बिषय | विवरण | चालु आर्थिक बर्षको दर | आगामी आर्थीक बर्षको लागि |
|---|---|---|---|---|
| १ | माछा, मासु विक्री सम्बन्धि | खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | ४०। | ४०। |
| | | सुगुर बगुंर काटि बिक्री गर्ने पसलमा प्रति गोट | १००। | १००। |
| | | राँगा काटि बिक्री गर्ने पसलमा प्रति गोटा | १००। | १००। |
| | | माछा बिक्री गर्ने पसल | ४०। | ४०। |
| | | माछा बिक्री गर्ने सानो टोकरी | ३०। | ३०। |
| | | हाँस, लोकल,बोईलर कुखुरा पसल | ४०। | ४०। |
| २ | कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धित व्यवसायमा | रेडीमेट सामान र थान कपडा विक्री गर्ने पसल सानो | १५। | १५। |
| | | रेडीमेट सामान र थान कपडा विक्री गर्ने पसल ठुलो | ३०। | ३०। |
| | | जुत्ता चप्पल विक्री गर्ने पसल ठुलो | २५। | २५। |
| | | जुत्ता चप्पल विक्री गर्ने पसल सानो | २०। | २०। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | १०। | १०। |

| सि.नं. | बिषय | विवरण | चालु आर्थिक बर्षको दर | आगामी आर्थीक बर्षको लागि |
|---|---|---|---|---|
| ३ | तरकारी तथा फलफुल सँग सम्बन्धित व्यवसायमा सबैलाई आधा गर्ने | फलफुल, नस्ता ठेलामा राखि बिक्री गर्ने | २०। | २० |
| | | साग सब्जी डोकोमा वा डालोमा ल्याई बेच्ने | १०। | १०। |
| | | भारमा सब्जी ल्याई बच्ने | १०। | १०। |
| | | सिजन अनुसारको साग सब्जी आलु पसल ठुलोमा | २५। | २५। |
| | | सिजन अनुसारको साग सब्जी आलु पसल सानो | २०। | २०। |
| | | फलफुल सागसब्जी प्रति बयलगाडा | २०। | २०। |
| | | फलफुल सागसब्जी प्रतिबोरार अन्य साना फलफुल प्रत्येक पसल | २५। | २५। |
| | | पान पसल | १५। | १५। |
| ४ | खाद्यान्नसँग सम्बन्धित | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि विक्री गर्ने पसल | १५। | १०। |
| | | मकै पोली बेच्ने | ५ | ० |
| | | किराना पसल | १०। | १०। |
| | | माछा, मासु, तरकारी विक्री गर्ने | २०। | १०। |
| | | मिठाई पसल | १० | १० |
| ५ | परम्परागत सिप सँग सम्बन्धित वयवसाय | माटाको भाँडा बच्ने पसल ठुलो | १५ | १० |
| | | माटाको भाँडा बच्ने पसल साना | १०। | ५ |
| | | कुचो, कुनीया नांलो बच्ने | १० | १० |
| | | जडीबुटी विक्री गर्ने कपाल काटनेलाई | १० | १० |

**१२. यस गाउँपालिका क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजारमा, अस्थायी हाटबजार र घुम्ती पसलमा प्रतिदिन देहायकादरले कर लाग्नेछ।**

| सि. नं. | विषय | विवरण | चालु आर्थिक बर्षको दर | आगामी आर्थीक बर्षको लागि | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी विक्री सँग सम्बन्धित | जिउदो खसी, बोका, राँगा,सुँगुर बेच्ने लाई प्रतिगोटा | ८० | ४० | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्ने लाई कर लाग्ने छैन |
| | | हाँस, परेवा, कुखुरा बेच्नेलाइ | १० | १० | |
| २ | | चुरा, धागो, टीका सृगार मनिहारा सँग सम्बन्धित | १५ | १५ | |
| | | सुरली, बाँसुरी, गुलेली, थैली जुम्रा, उडुस मार्ने औषधि बेच्ने | छुट | छुट | |

| सि. नं. | विषय | विवरण | चालु आर्थिक बर्षको दर | आगामी आर्थीक बर्षको लागि | कैफियत |
|---|---|---|---|---|---|
| ३ | | खेल, तमासा खेलाउनेलाई | २५। | २५। | |
| | | प्रचार-प्रसार गरी व्यवसाय गर्ने | २० | २० | |
| | | बाँस प्रतिबयल | २० | २० | |
| | | बाँस प्रति ट्रक | २००। | २००। | |
| | | खटियामा सामान राखि बेच्ने | ५। | ५ | |
| | | फलामको औजार तथा सामान बेच्ने | १० | १० | |
| | | भाँडाकुँडा पसल | १५ | १५ | |
| | | फोटो फ्रेमिङ्ग | ५। | ५। | |
| | | मर्मत, (कुकर लाईट, छता,बेच्नेआदि) | १० | ५ | |

**१३. कोशी गाउँपालिकामा माछा भित्र्याएको वा बाहिर लगेको बापत**

| सि.नं. | विवरण | चालु आ.ब. का.दर | आगामी आर्थिक बर्षको लागि रु. | पुष्टयाई |
|---|---|---|---|---|
| १ | साईकल | लागु नभएको | २५ | |
| २ | मोटर साईकल | | ५० | |
| ३ | पिक अप | | ५०० | |
| ४ | मिनी ट्रक | | १००० | |
| ५ | ठुलो ट्रक | | २००० | |

**अनुसूचि ५**

**(दफा ६ सँग सम्बन्धित)**

## जडिबुटि, कवाडी र जीवजन्तु करको विवरण

| क्र.सं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | जडिबुटी, र जीवजन्तुको व्यवसाय गर्ने देहाय बमोजिमको व्यवसायहरु | | |
| | १. ५ लाखसम्म पुँजी भएको<br>२. २५ लाखसम्म पुँजी भएको<br>३. २५ लाख भन्दा बढी | ५००<br>१०००<br>२००० | |
| २ | **कवाडी कर** | | |
| | १. फलाम प्रति के.जी. | १ | |
| | २. खाली सिसी (सबै खाले) प्रतिबोतल | ०.१० | |
| | ३. प्लाष्टिक प्रति केजी | ०.५० | |
| | ४. कागज कार्टुन प्रति केजी | ०.५० | |
| | ५.पुरानो टायर, टयुव प्रति गोटा | ०.५० | |

| | | | |
|---|---|---|---|
| | ६.सुराना साइकल | १ | |

**अनुसूचि ६**

**दफा ७ सँग सम्बन्धित**

## १. सवारी दर्ता तथा बार्षिक सवारी कर

| सि.नं. | सावरीको किसिम | चालु आर्थीक बर्षको दर | आगामी आर्थीक बर्षको लागि |
|---|---|---|---|
| १ | बस,ट्रक, लहरे र अन्य हेभी गाडी | १०० | २००० |
| २ | भाडाको  कार जीप | १०० | १००० |
| ३ | भाडाको मिनी बस  र ट्रक | १०० | १००० |
| ४ | जिप, कार, मिनी बस मिनी ट्रक र पिकअप (रातो नम्बर प्लेट) | १०० | १५०० |
| ५ | मोटर साईकाल स्कुटरलाई वार्षिक | ५० | ५० |
| ६ | अन्य सवारी साधनहरु | १०० | १०० |

**नोट** : कोशी गाउँपालिका क्षेत्रमा स्थायी वसोवास नागरीकको हकमा मात्र बार्षिक सवरी साधन कर लिईने छ भन्ने अन्यका हकमा पटके सवारी साधनकर लिईने छ । को्शी गाउँपालिकामा स्थायी बसोवास गर्नेका हकमा बार्षिक सवारी कर लिईने छैन। र त्यसता करदताको लागि रु.५० लिई परीचाय पत्र दिईने छ। जुन बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ।

## २. इ–रिक्सा दर्ता नवीकरण तथा नामसारी दस्तुरः

| सि.नं. | सावरीको किसिम | चालु आर्थीक बर्षको दर | आगामी आर्थीक बर्षको लागि |
|---|---|---|---|
| १ | सवारी सडक सुधार कर | १०,०००। | ५,०००। |
| २ | दर्ता शुल्क | १४००। | १५००। |
| ३ | नविकरण दस्तुर (९० दिन सम्म) | ५००। | ५००। |
| ४ | नामसारी दस्तुर | ८००। | १०००। |
| ५ | अग्रीम आयकर | २०००। | २०००। |
| ६ | **जरीवाना विलम्व दस्तुरः** | | |
| | क. पहिलो ९० दिन पछि) २ महिना सम्म | ५% | |
| | ख. दोश्रो दुई महिनासम्म | १० % | |
| | ग. तेश्रो दुई महिनादेखि | १५% | |
| | घ. त्यसपछि १ वर्षसम्म | २०% | |

| सि.नं. | सावरीको किसिम | चालु आर्थीक बर्षको दर | आगामी आर्थीक बर्षको लागि |
|---|---|---|---|
| | ङ १ वर्षभन्दा माथि | २५% | |

२. **गाउँपालिकाले लगाउने पटके सवारी कर**

| सि.नं. | विवरण | चालु आ.ब.को दर | अगामी आ.व. का लागि |
|---|---|---|---|
| १ | निजी तथा भाडाका बस, ट्रक, टयांकर, लहरीमा प्रति पटक | १५ | १५ |
| २ | निजी तथा भाडाका कार, जीप, भेन प्रतिपटक | १५ | १५ |
| ३ | विदेशी न. प्लेट भएका १ नं. बमोजिमका सवारी साधनको | २० | २० |
| ४ | विदेशी न. प्लेट भएका २ नं. बमोजिमका सवारी साधनको | १५ | १५ |

**नोट** : सरकारी गाडीहरु, कूटनैतिक नियोगका गाडीहरु दमकल एम्वुलेन्समा पटके सवारी लिन नपाईने साथै कोशी गाउँपालिकामा दर्ता नभका रिक्साहरुको हकमा प्रति दिन रु.१५। पटके सवारी कर लिईनेछ ।

**अनुसूचि ७**
**दफा ८ सँग सम्बन्धित**

## विज्ञापन कर

| सि.नं. | विवरण | चालु आ.ब.को दर | आगामी आर्थीक बर्ष लागि |
|---|---|---|---|
| १ | होडिंग बोर्ड प्रति वर्ग फिट | ७५ | ७५ |
| २ | सव बोर्ड प्रति वर्ग फिट | ४० | ४० |
| ३ | ग्लोसाईन बोर्ड वर्ग फिट | ९० | ९० |
| ४ | वेनर प्रति गोटा प्रति हप्ता | ७५ | ७५ |
| ५ | पोल वोर्ड व प्रति गोटा प्रति बर्ष | १०००। | १०००। |
| ६ | डिजिटल वोर्ड व प्रति गोटा प्रति बर्ष | २००। | २००। |
| | उल्लेखित प्रकारण बाहेकका हकमा प्रति वर्ग फिट | ५० | ५० |

**अन्य विषयहरुका हकमा विज्ञापन कर :**

| | |
|---|---|
| १ | व्यानर प्रति गोटा प्रति हप्ता रु. १००। मात्र सडक क्रस गरेर व्यानर राख्न पाईने छैन। |
| २ | व्यानर व्यापारीक प्रति गोटारु.२००। मात्र (दुईहप्ताकोलागि ) |
| ३ | गेट राखन गाउँपालिकाको स्वीकृत लिएर माात्र प्रति हप्ता रु. ५००। |
| ४ | गाउँपालिकाको स्वीकृत लिई सम्झौता गरेमा कर लिन पाईने छैन रेकामा लिईने पाईने छैन। |
| ५ | गाउँपालिकाको स्वीकृत लिन गा.पा.को क्षेत्रमा मात्र लिन पाईने छ स्वीकृत लिई उठाउन पाईने छैन। |
| ६ | प्रचार प्रसार रिक्सा र गाडी बाट माईकिङ्ग गरेवापत प्रति दिन रु. १००। मात्र राजनैतिक दल र सार्वजनिक सुचनामा लिन पाई छैन। सार्वजनिक सुचनामा लिन पाईने छैन। |
| ७ | वियर मदिरा, भुरोट तथा सुर्तिजन्य पर्दाथको विज्ञपनलाई निजि तथा सार्वजनिक स्थलमा राख्न सवीकृत दिईने छैन। लमा राख्न स्वीकृत दिईने छैन |
| ८ | राजनैतिक, धार्मिक र सामाजिक व्यानर ३ हप्तासम्म निः शुल्क राख्न दिने। |

**अनुसूचि ८**

**दफा ९ सँग सम्बन्धित**

## मनोरञ्जन कर

१. कोशी गाउँपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरुबाट कुल सिट संख्याको ३५ प्रतिशत सिटलाई पुरा क्सिट संख्या मानि प्रत्येक टिकटमा लागने प्रबेश शुल्कको २ प्रतिशत हुने रकम मनोरञ्जन कर बापत असुल गर्न सकिने छ। माथि उल्लेख भए बमोजिम प्रति टिकटमा मनोरञ्जन कर लिईने व्यवस्था नभए सम्मका लागि बार्षिक रु.७०००। मनोरञ्जन करको रुपमा कर रकम लिईनेछ।

२. सांकृतिक प्रदर्शन हाल, नाच, घर, दोहोरी संगित तथा अन्य मनोरञ्जन सामाग्रि प्रदर्हनीमा प्रवेश शुल्कमा दुई प्रतिशत मनोरञ्जन कर लानेछ।

३. जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमानितकालागि गरिने सिफारिसका दस्तुरका अतिरीक्त प्रत्येक दिन रु. २००। लिईने छ।

४. गाउँपालिका क्षेत्र भित्र संचालन हुने जेटबाट, पारागलाइडिंग, ऱ्यापटिंग र बोटिंग कर कार्यपालिकाको निर्णय बमोजिम असुल उपर गरिनेछ।

**अनुसूचि ९**

**(दफा १० सँग सम्बन्धित)**

## बहाल विटौरी शुल्क

क. कोशी गाउँपालिका ३ नं. वडा कार्यालय अगाडी रहेका सार्ववजनिक भवनको मासिक रु.१०००।

ख. कोशी गाउँपालका वडा नं.१ को सभाहलको प्रति दिन रु.१०००।

ग. कोशी गाउँकार्यपालिकाको सभाहलको प्रति दिन रु.१०००।

घ. प्रोजेक्टर भाडा प्रति दिन रु. ५००

ङ. माथि उल्लेखित संरचनाहरु बाहेक गाउँपालिका भित्र निर्माण भएका अन्य सार्वजनिक भवन टहरा लगायतका संरचनाहरुको भाडा गाउँकार्यपालिकाले निर्णयबाट तोके बमोजिम लिने छ।

अनुसूचि १०

(दफा ११ सँग सम्बन्धित)

## पार्किंक शुल्क

| क्र.स. | विवरण | करको दर प्रति दिन रु. | | कैफियत |
|---|---|---|---|---|
| | | स्वदेशीको हकमा | विदेशीको हकमा | |
| १ | बस, ट्रक, लरी, हेभी, गाडी | १५ | ३० | |
| २ | माइक्रो, मिनी बस, मिनी ट्रक | १० | २५ | |
| ३ | ट्याक्टर, जीप, कार, भेन | १० | २० | |
| ४ | अटो रिक्सा, इ, रिक्सा, पावरटेलर, टेम्पो | ५ | १० | |

**नोटः** सवारी पार्किङ स्थान गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची ११

(दफा १२ सँग समबन्धित)

# सेवा शुल्क तथा दस्तुर

**क) सिफारीसहरुको हकमा :**

| सि. नं. | बिषय | विवरण | चालु आ.ब. को दर | अगामी आ.व. का लागि दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर जग्गा सम्बन्धि सिफारीस | मोही नामसारी तथा मोही बाडफाड सिफारीस | ४००। | ५००। | एक कठ्ठाभन्दा माथि प्रति कठ्ठा थप रु. १००। |
| | | जग्गा नामसारी सिफारीस | ४००। | ५०० | |
| | | मोही लगत कट्टा सिफारीस | ४००। | ५००। | |
| | | अपुताली सिफारीस दस्तुर | १५००। | २५००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. २००। |
| | | चार किल्ला सिफारीस प्रति किता | २००। | १००। | |
| | | निवेदन दस्तुर | १०। | १०। | |
| | | पक्की घर प्रमाणीत | ९००। | १०००। | |
| | | कच्ची घर प्रमाणीत | ३००। | छुट | |
| | | बसोवास प्रमाणीत | ५००। | ३००। | |
| | | व्यवसायिक घर कोठा खोल्ने | ५००। | ५०० | |
| | | आवासिय घर कोठा खोल्ने घर नामसारी | ३००। | ४००। | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ५००। | ५००। | |
| | | ब्यपार उद्योग सम्बन्धि घरमा आगलागि | २५०। | १०००। | वीमा प्रयोजनका लागि मात्र, अन्यका लागि निशुल्क |
| | | साना घरेलु उद्योगमा आगलागि सिफारीस | २५००। | ५०००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | मझौला उद्योगमा आगलागि सिफारीस | ४०००। | ७५००। | वीमा प्रयोजनका लागि मात्र,अन्यका लागि निशुल्क |
| | | ठूला उद्योगमा आगलागि सिफारीस | ७५००। | १००००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | घर टहरामा आगलागि सिफारीस | निशुल्क | निशुल्क | |

| सि.नं. | बिषय | विवरण | चालु आ.ब. को दर | अगामी आ.व. का लागि दर | कैफियत |
|---|---|---|---|---|---|
| | | नक्सा पास किताव दस्तुर | ५००। | ५००। | लागु भएको अवस्थामा |
| | | संघ संस्थाको बैक खाता खोल्दा | ३००। | ५००। | रु तिन लाखसम्ममा रु ५० सो भन्दा माथि १०००००० सम्ममा रु ३०० सो भन्दा वढी रु ५०० |
| | | रिक्सा ठेलाको ब्लु बुक दस्तुर | ६०। | ५०। | |
| | | नाम, उमेर थर लगायत संसोधन | ५००। | १००। | |
| | | व्यवसाय प्रमाण पत्र दस्तुर | ५००। | ५००। | पूँजीको आधारमा |
| | | व्यवसाय प्रमाण पत्र नविकरण | | ३००। | |
| | | पक्की घर कायम सिफारीस वा ३ र निमार्णधिन रहेको सिफारीस | ७५० बर्गफिट सम्मको घरमा ५१०। | ७५० बर्गफिट सम्मको घरमा ५१०। | सो भन्दा माथिको हकमा प्रति वर्ग फुट रु १ प्रारम्भ देखि |
| | | टिनको छाना भएको कच्की घर कायम सिफारीस | ३००। | ३००। | जति क्षेत्रफल भए पनि |
| | | कच्ची घर सिफारीस | २००। | २००। | |
| | | तिनपुस्ते खुल्ने सिफारीस | ५००। | १००। | |
| २ | नागरीकता सँग सम्बन्धित सिफारीस | नागरीकता प्रमाणपत्र तथा सनाखत सिफारिश | १००। | छुट | |
| | | जन्मका आधारमा नागरिकता सिफारिश | | २०० | |
| | | नागरीकता सर्जिमिन | ३००। | ३००। | |
| | | नागरीकताको प्रतिलिपी | ५०। | १००। | |
| | | अंगीकृत नागरीकता | १०००। | १०००। | |
| | | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | ५०० | २०० | |
| ३ | पंजिकरण सँग सम्बन्धि प्रमाणीत सिफारीस | विवाह प्रमाणीत | १५०। | १००। | |
| | | जन्म प्रमाणीत | १५०। | १००। | |
| | | मृत्यु प्रमाणीत | १००। | १००। | |
| | | बसाईसराई प्रमाणीत | ५००। | १५०। | |
| | | अविवाहीत प्रमाणीत | १५०। | १००। | |

| सि. नं. | बिषय | विवरण | चालु आ.ब. को दर | अगामी आ.व. का लागि दर | कैफियत |
|---|---|---|---|---|---|
| ४ | व्यक्तिसंग सम्बन्धित सिफारीस | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास भएका लागी | १००। | १००। | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन लाग्ने छ |
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस कोशी गाउँपालिकामा स्थायी बसोवास नभएको हकमा | १००। | २००। | |
